# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आठराई गाउँपालिका
## तेह्रथुम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

आठराई गाउँपालिका

तेह्रथुम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

आठराई गाउँपालिका

तेह्रथुम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*
स्वतन्त्रता *(Independence)*
व्यावसायिकता *(Professionalism)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

२०८१।०२।१३ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
### प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. ९३

विषयः <u>लेखापरीक्षण प्रतिवेदन।</u>

श्री अध्यक्ष ज्यू ,
आठराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
तेह्रथुम।

१. **कैफियत सहितको राय—** हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५करोड ७२ लाख ५९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२७ लाख ५६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.६८ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ४१ लाख ६२ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ६२ लाख २६ हजार रहेको छ ।यस पालिकाको गतवर्ष सम्म रु. ५३ करोड ४८ लाख ७० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.५९ करोड २१ लाख ३० हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा-** यो पालिकासँग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन ।

**३.१** यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

**३.२** आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ।यस गाँउपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

**आठराई गाउँपालिका गँउपालिका,**

तेह्रथुम जिल्ला,

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | | नियमित गर्नुपर्ने | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७५ | १३१ | ६००१६ | ० | २१ | २७५६ | ७५ | ११० | ५७२६० | ६८७२ | २६२२६ | २४१६२ | ० | ० | ५०३८८ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु.हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तेह्रथुम | ६२५३०७ | ० | ९०४३७ | ५३४८७० | ० | ५७२६० | ५९२१३० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| ४. क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० | | | |
| १ | | ३२ | मुल्य अभिवृद्धि कर असुल नभएको | ३३४६२० |
| २ | | ४५ | मुल्याङ्कनमा ओभरहेडको भुक्तानी भएको | २१६२१६ |
| ३ | | ५२ | निर्माण नै नभइ भुक्तानी दिएको | १४३५१५८ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | ७५ | लागत सहभागिता,सासु कर र ढुवानी कर कट्टा नभएको | ७०२८४३ |
| ५ | | ८३ | बढी भुक्तानी भएको | २००० |
| ६ | | ८५ | भत्ता भुक्तानीमा कर कट्टी नभएको | २१००० |
| ७ | | ८७.१ | पाठ्यपुस्तक वढी निकासा भएको | ४६६५ |
| ८ | | ८७.२ | पाठ्यपुस्तक वितरण नभएको | ४६९८ |
| | | ९४ | छात्रवृति वढि निकासा भएको | ४८०० |
| | | ९७ | सामुदायिक परिचालकलाई पोसाक भत्ता वितरण गरेको | ३०००० |
| | **चालु वर्षको जम्मा** | | | २७५६००० |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | नाम्स अनुसार | विभिन्न | ९०४३६९३३.७० |
| | **गत विगतको जम्मा** | | | ९०४३६९३३.७० |
| | **कुल जम्मा** | | | ९३१९२९३३.७० |

## परिचय

२ **(क) आठराई गाउँपालिकाको परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा, १६७.०७ वर्ग किलोमिटर क्षेत्रफल तथा १८१५६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय वा संस्थाको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हुनेछ। प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी सुझाव प्रदान गर्नु परिपालना लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष, केन्द्रीय निकासा तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन लगायत आर्थिक वर्ष २०७९।८० का क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रभित्र समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण बिधिको रुपमा आन्तरिक नियन्त्रणको परीक्षण, र सारभुत प्रक्रिया अपनाइएको र यसमा विश्लेषणात्मक विधि र विष्तृत परीक्षण विधि अवलम्वन गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** उल्लेखित आर्थिक कारोबारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासंग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाई, समय सीमा, स्रोतको उपलब्धता जस्ता कारणहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग छलफलसम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार रहेका छन्ः

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ रु.७९,१६,९४,२६९।८१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** पालिकाबाट लेखापरीक्षणका क्रममा रु.९९२६ असुल गरी दाखिला भएको छ ।

| क्र. सं . | विवरण | रकम |
|---|---|---|
| १ | शिक्षा विभन्न कार्यक्रमबाट असुली | २१२५ |
| २ | एम्बुलेन्स सञ्चालन आम्दानीको दाखिला हुन बाँकी रकम असुल | २१७५ |
| ३ | १ नं वडा कार्यालय वडा सचिव रामचन्द्र खत्रीबाट राजस्व दाखिला हुन बाँकी रकम वैंक दाखिला | ५६२६ |
| **जम्मा** | | **९९२६** |

महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०८० अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाउँपालिकाको आर्थिक बर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ। स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

## २ वित्तीय विवरण परीक्षण

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । यस सँग सम्बन्धित प्रमाणित प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तथा एकीकृत आय व्यय विवरण अनुसूची ३ मा संलग्न छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,८२,७०,४९४।०० र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४,५५,०००.०० समेत गरी रु.८,८७,२५,४९४।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणस पूर्ण नहुँदा पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनले (म.ले.प.फा.नं २७२) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु८५,२०७, यस वर्षको प्राप्ति रु.१४,३४,७३,२४२.७६, यस वर्षको भुक्तानी रु.१४,२५,४२,८८५.९६ र बैङ्क मौज्दात रु.१०,१५,५६३।८० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | अन्तिम मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म।ले।प।फा।नं।२७२) अनुसार | १३९३८१६७१.६१ | ५०८७५४१४८.४४ | ५४०९३२४७८.२५ | १०७२०३३४१.८० |
| एकीकृत आर्थिक विवरण अनुसार(संचितकोष तथा अन्य कोष समेत) | १३९४६६८७८.६१ | ६५२२२७३९१.२० | ६८३४७५३६४.२१ | १०८२१८९०५.६० |
| फरक रकम | ८५२०७ | १४३४७३२४२.७६ | १४२५४२८८५.९६ | १०१५५६३.८० |

सैद्धान्तिक बेरुजु

२.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार एकिकृत आय व्यय विवरणमा रु.१३,८५,३८,६९१.१३ मौज्दात रहेकोमा यो वर्ष रु.१३,९४,६६,८७८।६१ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९,२८,१८७।४८ वढि जिम्मेवारी सारेको छ। वढि जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात रु.१,९५,६०८ फरक देखिएको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्ने रु.१,९५,६०८

| सिन | खाताको विवरण | श्रेस्ता अनुसारको मौज्दात | वैङ्क अनुसारको मौज्दात | फरक रकम |
|---|---|---|---|---|
| १ | ग २.४ पुँजीगत खर्च खाता-जोर वर्ष | १०००००० | ० | १०००००० |
| २ | ग २.७ विविध खर्च खाता | २१४१२५५.७५ | २१४१२५५.७५ | ० |
| ३ | ग ३.१ स्धानीय तह धरौटी खाता | १०४८३१८ | ४२०१४४८ | -३१५३१३० |
| ४ | ग ३.१ स्धानीय तह धरौटी खाता | ३१५३१३० | | ३१५३१३० |
| ५ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | १००००४३७५.५ | १००९९५३७५.४५ | -९९१००० |
| ६ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ० | | ० |
| ७ | ग ५.१ स्थानीय तह विविध कोष खाता | ४०,७२०.०० | ४०,७२०.०० | ० |
| ८ | ग ५.१ स्थानीय तह विविध कोष खाता | ४९२५८२.६ | | ४९२५८३ |

| | | | | |
|---|---|---|---|---|
| ९ | ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | ६८३६८० | १०६१२०५ | -३७७५२५ |
| १० | ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | ० | | ० |
| ११ | ग ७.१ स्थानीय तह आकस्मिक कोष खाता | ७१,५५०.०० | ० | ७१५५० |
| **जम्मा** | | **१०८६३५६११.८५** | **१०८४४०००४.२** | **१९५६०८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९५,६०८ |

२.६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.३९,९२,८८५।५४ पुँजीगत खातामा रु.१,०५,८५,३४३।००, आन्तरीक राजश्व खतामा रु.३०,५६,४२६।०७ तथा बाँडफाटवाट प्राप्त राजश्व खातामा रु.३३,९५,१३०।४१ समेत रु.१,७६,३४,६५४।६१ मौज्दात रहेको पाइयो।उक्त रकम आर्थिक वर्षको अन्त्य पश्चात २०८०।४।१० मा मात्र संचितकोष दाखिला गरेको देखिन्छ । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२.७ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष देहाय वमोजिमका अनुदानमा देहाय वमोजिमको निकासा प्राप्त गरेकोमा खर्च नभै वाँकी रहेको रकम सोही वर्षमा फिर्ता गरेको भएतापनी वैङ्कदाखिला श्रावण महिनामा भएको देखिन्छ । सम्वन्धित आर्थिक बर्षमानै निकासा फिर्ता गर्नेतर्फ ध्यान जानु पर्दछ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३२,०२,७३,७५०।- | २७,१५,०४,२१९.०४ | ४,८७,६९,५३०.९६ | - |
| | समपुरक | ३,२०,००,०००।- | २,९६,१४,६३३।- | २३,८५,३६७।- | - |
| प्रदेश सरकार | शसर्त | १,२१,२३,०००।- | ९३,१२,९२१।- | २८,१०,०७९।- | - |
| | समपुरक | १,००,००,०००।- | १,००,००,०००।- | - | - |
| | **जम्मा** | **३७४३९६७५०** | **३२०४३१७७३.०४** | **५३९६४९७६.९६** | - |

सैद्धान्तिक बेरुजु

२.८ **भुक्तानी दायित्व-** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) तथा चेक काटी दाखिला हुन बाँकी रहेको रकम समेत वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. देखिएको छ।पालिकाले विनियोजन तथा कोष तर्फ कट्टा गरी दाखिला गर्न बाँकी रहेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.१,५६,६१८

| सि न | शीर्षक | दाखिला गर्न बाँकी |
|---|---|---|
| १ | केशर इङ्नामको पारिश्रमिक कर | ५८७३ |
| २ | आकस्मिक कोष सामाग्रि खरिद अग्रिम कर | १७६५ |
| ३ | शसर्त चालुक पारिश्रमिक कर वैङ्क दाखिला नभएको | १४८९८० |
| **जम्मा** | | **१५६६१८** |

| असुल गर्नुपर्ने | १,५६,६१८ |
|---|---|

३ **बजेट पेश, पारित र अख्तियारी** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाधक्ष्य श्री वलीराज इङ्नामले मिति २०७९।३।१० मा रु.६० करोड २८ लाख ९१ हजार १५० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका

प्रमुखले मिति २०७९।०४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।ऐनमा भएको व्यवस्थाको पालना गरी समयमै अख्तियारी प्रदान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको देखिएन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन तथा अधावधिक गर्नुपर्ने सो गरेको पाईएन ।

• गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तथा मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम वार्षिक खरिद योजना तयार गरेको भएतापनी खरिदको गुरु योजना तयार गरेको देखिएन ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको फरफारख गर्दा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्नेमा लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारण गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारण गरेको छैन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए वमोजिम संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• म.ले.प.फारम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक भएको देखिएन।

• म.ले.प.फारम ८०१ बेरुजु लगत तथा ८०२ अनुसार बेरुजुको प्रतिवेदन तयार गरेको पाईएन

• सम्पुर्ण योजनाको नापी किताव रनिङ्ग विल अनुसार छुट्टाछुट्टै राखेको अद्यावधिक नापी किताव तयार गरेको देखिएन ।

• उपभोक्ता समिति मार्फत संचालित अधिकांस योजनाको नापी किताव तथा कार्य स्विकार प्रतिवेदनमा उपभोक्ता समितिको सही र छाप लगाएको देखिएन ।

• अधिकांस सामाग्री खरिदको सार्वजनिक खरिद नियमावलीको नियम ११५ वमोजिमको निरीक्षण तथा परीक्षण गरेको देखिएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्ने व्यहोरा गत विगत वर्षमा समेत औंल्याइएकोमा उल्लेखित विषयमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा

योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

| रु.१ लाख सम्म | | रु.१ लाख देखि २ लाख सम्म | | रु.२ लाख देखि ५ लाख सम्म | | रु.५ लाख देखि १० लाख सम्मका | | रु.१० लाख भन्दा बढीको | |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ६३ | ५१९४ | ४१ | ७१६५ | ३० | ११३३५ | २६ | २१३०५ | १९ | ५०८६४ |

उपर्युक्त विवरणअनुसार पालिकाले १३४ योजना ५ लाख भन्दा साना र योजनाहरु सञ्चालन गरेको देखिन्छ।जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७० योजनाहरु कार्यान्वयन गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित नगरी विभिन्न चालु तथा पुजिगत प्रकृतिका विभिनि २५ योजना तथा कार्यक्रममा रु.७६,५७,००९।६२ भुक्तानी गरेको देखिन्छ ।जसमध्ये पुँजिगत प्रकृतिका ५ योजनामा रु.२९,३५,१६६।७० मात्र खर्च गरी वाँकी रकम चालु प्रकृतिका अनिवार्य दायित्व नभएका कार्यक्रम र खर्च शिर्षकमा खर्च गरेको नियमसम्मत देखिएन। पालिकाले यस्तो खर्च गाउँसभावाट गत वर्षको भुक्तानी दिन बाँकी योजना थप गरी भुक्तानी दिएको भएतापनी चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सोही बर्ष भुक्तानी नगरी दायित्व सृजना गरेको मनासिव देखिदैन। चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सम्वन्धित वर्षमानै भुक्तानी गर्ने गराउने तर्फ ध्यान जानु पर्दछ ।

| सि.नं. | कार्यक्रम/शिर्षक/योजना | भुक्तानी प्राप्त कर्ता | रकम |
|---|---|---|---|
| १ | पाईप खरिद तथा वितरण | श्री आजको कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १९६१४३० |
| २ | विविध खर्च | होटल माउण्टेन भ्यू एण्ड लज | ४९८०० |
| ३ | फर्निचर तथा फिक्स्चर्स | कृश्चल डाँगी स्टोर्स एण्ड सप्लायर्स | ३४२८४२ |
| ४ | पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन | माउण्ट फायर मिडिया प्रा.लि. | १७३९०७ |

| | | | |
|---|---|---|---|
| ५ | विविध | विक्रम योङहाङ | १२००० |
| ६ | कार्यालय सामग्री तथा मसलन्द | निरौला स्टेशनरी तथा छपाई सप्लायर्स | १५९३३३ |
| ७ | भूमीराज मेला आठराई ५ भित्रिया | भूमिराज मेला संचालन उपभोक्ता समिति | ३२५००० |
| ८ | स्वास्थ्य सामग्री खरिद | रिद्दि सिद्धि मेडिटेक इन्टरनेशनल | ९९८०५ |
| ९ | सवारी साधन मर्मत | फिदिम मोटर पार्टस | १८२२८१ |
| १० | पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन | स्मार्ट कृयटिभ मिडिया प्रा.लि. | ५४९४० |
| ११ | विद्यालय भवन निर्माण साझेदारी | त्रिमोहन माध्यमिक विद्यालय | ३८०००० |
| १२ | सवारी साधन मर्मत | श्री पाथिभरा मोटर साईकल वर्कसप | १८४१९ |
| १३ | पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन | आगन मिडिया प्रा.लि. | १८८०१८ |
| १४ | कार्यालय सामाग्री तथा मसलन्द | शिव गौरी सप्लायर्स | ९९३५५३ |
| १५ | विविध खर्च | पुनम स्टोर्स | ६९६५० |
| १६ | मसलन्द तथा कार्यालय सामग्री | आठराई भेराईटिज स्टोर्स | ५२५३४ |
| १७ | ईन्धन कार्यालय प्रयोजन | श्री राजलक्ष्मी स्टोर्स | ९८१०० |
| १८ | त्रिपाल खरिद | शिव शंकर प्लाष्टिक | ७९९४८ |
| १९ | पारिश्रमिक | आयुष मिश्र | ६६६६० |
| २० | विविध खर्च | विपिन किराना पसल एण्ड होटल | २५५०० |
| २१ | शैक्षिक क्यालेन्डर छपाई | ग्राफिका ट्रेड एण्ड सप्लायर्स | २४९०५२ |
| २२ | अतिथी सत्कार खर्च | विमला होटल एण्ड लज | ३७५५० |
| २३ | ईन्धन कार्यालय प्रयोजन | दिपिका स्टोर्स | ६४७०० |
| २४ | पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन | माउण्ड फायर मिडिया प्रा.लि. | १८८३९९ |
| २५ | नौमती बाजा खरिद | भोजपुर चैनपुर ट्रेडिङ कम्पनी | ३४८६०५ |

| | | | |
|---|---|---|---|
| २६ | ईन्धन कार्यालय प्रयोजन | दिपिका स्टोर्स | १७२६७५ |
| २७ | ईन्धन कार्यालय प्रयोजन | पुनम स्टोर्स | ४८६५० |
| २८ | मसलन्द तथा कार्यालय सामग्री | पुनम स्टोर्स | १४००० |
| २९ | कबर्डहल व्यवस्थापन | गोल्डेन ट्रेड एण्ड सप्लायर्स | १५३८९५ |
| ३० | त्रिपाल खरिद | जय अम्बे सप्लायर्स एण्ड ट्रेडर्स | २९४९३० |
| ३१ | मसलन्द तथा कार्यालय सामग्री | पाँचथर सप्लायर्स | ४९१७७६ |
| ३२ | वडा नं ४ कार्यालय व्यवस्थापन | चित्रकुमार भट्टराई | १०२०५९ |
| ३३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | पुर्ण वानीया | ४२००० |
| ३४ | सरस्वती मन्दिर निर्माण | साम्थाङ आधारभूत विद्यालय | ९७००० |
| ३५ | ईन्धन | चित्रकुमार भट्टराई | १८००० |
| **जम्मा** | | | **७६५७००९.६२** |

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०७९।८० आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्त्यमा एकै पटक गरी प्रतिवेदन पेश गरेको देखिन्छ । पालिकामा आन्तरिक लेखापरीक्षकका लागि सहायक पाँचौ स्तरको १ दरवन्दी तथा पदपुर्ति समेत रहेको देखिएकाले कानुनमा भएको व्यवस्था वमोजिमनै आन्तरिक लेखापरिक्षण गराउने व्यवस्था कार्यान्वयन गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

९ **खरिद अभिलेख** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र

सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८,८४,८१,४४३.७५ पूँजीगत खर्चवाट खरिद तथा निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **सवारी साधन खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं.५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार समानिकरण अनुदानवाट रु.१ करोड ५० लाख बजेट व्यवस्थापन गरी पालिकाले १ थान एक्जाभेटर खरिदमा रु.१,४३,९०,०००.०० खर्च गरेको देखिन्छ। निर्देशनको पालना गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो बर्ष अध्यक्षसँग कृषि कार्यक्रममा रु १० लाख, विभिन्न आयोजना तथा कार्यक्रमसँग साझेदारीमा रु.३ करोड, विभिन्न खेलकुदमा अध्यक्ष रनिङ्ग कप संचालनमा रु.१० लाख, विभिन्न योजनाहरुको डिपिआरमा रु ४९ लाख साथै विभिन्न आयोजना तथा परियोजनाहरुसँगको साझेदारीमा रु.५ करोड २ लाख १७ हजार ७३० समेत रु. ८,७१,१७,७३० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा तथा कार्यक्रममा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिका निर्णयवाट खर्चगरी एकमुष्ठ गाउँसभाबाट अनुमोदन गराएको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **कन्टिजेन्सी खर्च** -पालिकाले कन्टीजेन्सी रकम खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्दछ । यो वर्ष कुल रु.११४१२१५ कन्टिजेन्सी खर्च गरेकोमा रु.१७४२०५ को एचडिपिई पाईप खरिद गरेको र वाँकी रकम कर्मचारी भत्ता, कार्यालय सम्वन्धि खर्च लगायतका चालु कार्यक्रममा मात्र खर्च गरेको देखियो। उक्त खर्चगर्दा कन्टीजेन्सी खर्च सम्वन्धि कार्यविधि तयार गरेको भएतापनि कार्यविधिमा उल्लेखि न्युनतम ५० प्रतिशत पुँजिगत खर्च गर्नुपर्नेमा सो गरेको देखिएन। कार्यविधि बमोजिम कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रमका र्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। तेस्रो चौमासिकमा कुल पुंजीगत खर्चको ७८.२५ प्रतिशत तथा आषाढ महिनामा मात्र ३१.९३ प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | समानीकरण अनुदान | ५६०५३७५७।७५ | ०।०० | २७८६२९७।०० | ५३२६७४६१ | २२२४७१३४ |
| २ | आन्तरिक स्रोत | ६५१०७६९२।०० | ०।०० | १३९७५९७४।०० | ४९१७०२८८ | १२४४७०४० |
| ३ | राजश्व बाँडफाँड | २२८२९९९।०० | ०।०० | १९८२९९९।०० | ३००००० | ० |
| ४ | सघीय शसर्त अनुदान | १६१०९४४१।०० | ०।०० | ३९९९०७।०० | १५७०९५३४।०० | १३१९७०३४।०० |
| ५ | सघीय समपुरक | २९६१४६३३।०० | ६२९५७६२।०० | १२८६२६७९।०० | १०४५६१९२ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | प्रदेश शसर्त अनुदान | ९३१२९२१।०० | ०।०० | ७२७५००।०० | ८५८५४२१ | ७५८५४२१ |
| ७ | प्रदेश समपुरक अनुदान | १००००००० ।०० | ०।०० | ०।०० | १००००००० | ४७००००० |
| जम्मा | | १८८४८१४४३ ।७५ | ६२९५७६२ ।०० | ३२७३५३५६ ।०० | १४७४८८८९५ ।७५ | ६०१७६६२९ ।०० |
| **खर्च प्रतिशत** | | **१००** | **३** | **१७** | **७८** | **३२** |

सैद्धान्तिक बेरुजु

१५ **क्षेत्रगत बजेट र खर्च**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९/८० को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसार सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा सवैभन्दा कम २.१२ प्रतिशत र सामाजिक विकास तर्फ सवैभन्दा वढी ५४.०७ प्रतिशत खर्च भएको देखिन्छ । क्षेत्रगत सन्तुलन कायम गरी बजेट व्यवस्थापन र खर्च गर्नुपर्दछ ।

| **सिन** | **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **कुल मध्ये खर्च (%)** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३८६१३४३५ | १९६१८०८६.१३ | ३.६४ |
| २ | सामाजिक विकास | ३५५५७१५०० | २९१०५४६१९.७१ | ५४.०७ |
| ३ | पूर्वाधार विकास | १९०८१०२९५.२६ | १४३९२१५९३.७५ | २६.७४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५६७२००० | ११३९८९६५ | २.१२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३१५१८६५० | ७२३१९९९१.६६ | १३.४३ |
| **कुल जम्मा** | | **७३२१८५८८०.२६** | **५३८३१३२५६.२५** | **१००** |

सैद्धान्तिक बेरुजु

१६ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्छ्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्छ्यौट गर्नुपर्ने उल्लेख छ। पालिकाको गतवर्षको पेशकी रु. ३,५२,४३,३६७ फस्यौंट गर्न वाँकी रहेको देखिन्छ।यो बर्ष प्रदान गरिएको पेश्की मध्ये आर्थिक बर्षको अन्त्यसम्ममा फस्यौंट नभै वाँकी रु.९४,१८,६१८।०० रहेको मध्ये म्याद नाघेको पेश्की नियमानुसार असुल फस्यौंट गर्नुपर्ने रु.२०,७७,३८४

| सिन | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०६/१२/२०७९ | २ | संक्रान्तिबजार व्यवस्थापन | थापा सिन्धुली जे.भी. | ३६२८३२३ | यो बर्षको |
| २ | ०८/२९/२०७९ | ४ | विभिन्न आयोजना तथा परियोजनाहरुसँगको साझेदारी | थापा सिन्धुली जे.भी. | ३७१२९११ | यो बर्षको |
| ३ | ११/१२/२०७९ | १११ | विभिन्न आयोजना तथा कार्यक्रमहरुसँग साझेदारी | नेपाल विद्युत प्राधिकरण तेह्रथुम वितरण केन्द्र | ४८६१४४ | यो बर्षको |
| ४ | ०३/२४/२०८० | ३६ | विभिन्न झोपु | खुङग्रीङ्ग खोला ट्रस पुल निर्माण उ.स. | १५८६२४० | यो बर्षको |
| ५ | ०७/२३/२०७९ | ३ | दीर्घरोगी आर्थिक सहयोग | खगिन्द्र तिम्सिना | ५००० | यो बर्षको |
| ६ | ०५/०७/२०७८ | ६ | श्री पोखरी माध्यमिक विद्यालय भवन निर्माण | कन्काई — म्यूच्चल जे.भी. | २८६८४२६ | गतबर्षको |
| ७ | ०२/११/२०७९ | २८१ | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि साझेदार | फाक्चुवा सिम्ले सिचित सिचाइ कुलो मर्मत उ.स. | १२९९१५ | गतबर्षको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | २०७९।४।१ | | ईवा वरवोटे छातेढुङ्गा देवीटार सडक आयोझना | एसएएस कन्सट्रक्सन प्राली | ६८२६४०८ | गतवर्षको खर्च लेखी भुक्तानी गरेको |
| ९ | २०७९।४।१ | | एकिकृत स्वास्थ्य पुर्वाधार १५ शैय्या अस्पताल निर्माण | डाँफे कन्सट्रक्सन प्राली | १६०००००० | गतवर्षको |
| **जम्मा** | | | | | **३५२४३३६७** | |

सैद्धान्तिक बेरुजु

१७ **डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाता बाट गराई प्रतिवेदन प्राप्त गरको विवरण पेश गरेको छ।प्राप्त प्रतिवेदन मध्ये गत बर्ष १ तथा यो बर्षको ३ वटा डीपीआर कार्यान्वयनमा गएको देखिएन। साथै यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।साथै डी.पी.आर.तयार गर्दा लागत अनुमानमा कार्यालय सँग छलफल गरी सुधार गर्नुपर्ने उल्लेख भएकोमा कार्यालय सँग ड्राफ्ट प्रतिवेदन माथि छलफल भएको देखिएन। कार्यालयवाट सुधारका लागि लेखि पठाएकोमा सो समेत परामर्शदाताले सुधार नगरी अन्तिम प्रतिवेदन पेश गरेको देखिन्छ ।पालिकाको आफ्नो प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउने र अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा १७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१८ **विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्ने ब्यवस्था छ। पालिकाले यो बर्ष विविध खर्च तर्फ रु.३३,१४,०४४।०० खर्च गरेको छ। गत वर्ष यस्तो खर्च १७,६०,२७५.०० मात्र भएकोमा यस वर्ष करिब १८८ प्रतिशतले वृद्धि भएको देखियो। पालिकाले बिबिध खर्च गर्दा स्पष्ट प्रयोजन खुलाइ औचित्यको आधारमा मात्र गर्नु पर्दछ र यस्तो खर्चमा मितव्ययीतता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला

तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ ऐन, ४ नियमावली, ३० कार्यविधि, २ निर्देशिका र १ नर्म्स लगायत ५४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ। पालिकाले निर्माण गरेका कानूनहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष थप भएको १६ गरी कूल १८ विवाद दर्ता भएकोमा १२ वटा मात्र फस्र्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **प्रोत्साहन भत्ता-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले कन्टिन्जेन्सी खर्च सम्वन्धि कार्यविधि तयार गरी सोही कार्यविधिमा तोकिएका कर्मचारीलाई २५ प्रतिशत का दरले प्रोत्साहन भत्ता भुक्तानी दिने व्यवस्था गरेको देखिन्छ। सोही व्यवस्थालाई आधारमानी प्रोत्साहन भत्ताको सुचक सहितको मापन नगरी विभिन्न १२ जना कर्मचारीहरुलाई प्रोत्साहन भत्ता बापत यो बर्ष रु. ७८३०७१ भुक्तानी गरेको देखिन्छ । कर्मचारी सेवा सर्त सम्बन्धी कानूनमा उल्लेख नभएको भत्ता बापत खर्च गर्दा पालिकालाई थप व्ययभार पर्न गएको छ ।सुचक सहितको कार्यविधि तयार गरेर मात्र प्रोत्साहन भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। पालिकाले यस वर्ष दिर्घ रोगीहरुका लागि आकस्मिक उपचार खर्च वापत ३८ जनालाई रु.६,९०,०००, प्राकृतिक प्रकोप प्रभावित राहत स्वरुप २४ जनालाई रु.५,५५,००० र कोखदेखी शोक सम्म कार्यक्रम संचालन गरी १२८ जनालाई रु.१३,४४,००० समेत यो बर्ष आर्थिक सहायतामा रु.२५,८९,०००।०० खर्च गरेको छ। पालिकाको आन्तरिक आय न्युन भएको अवस्थामा यस्तो खर्चमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२३ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २१ वटा सहकारी संस्था रहेका र ८ वटा दोहोरो दर्ता देखिएको अवस्था छ। पालिका भित्रका ५ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्ने साथै दोहोरो दर्ता भएका सहकारीको एकिन गरी प्रणालीवाट हटाउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५८,८४,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ३०,५६,४२६.०७ अर्थात अनुमानको तुलनामा ६५.५५ प्रतिशत मात्र आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२५ **राजश्वको लेखाङ्कन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्दान्त अनुसार राजश्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ। एकीकृत वित्तिय विवरण अनुसार पालिकाले रु.३०,५६,४२६.०७ आम्दानी देखाएको रकमको गोश्वारा भौचर लगायत म.ले.प. फारामहरु दैनिक आम्दानी टिपोट,दैनिक दाखिला,मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन। राजश्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी श्रेस्तामा आषाढ महिनामा एकमुष्ट राजश्व आम्दानी देखाउदा आर्थिक विवरणमा देखाएको आम्दानीको यथार्थता एकीन गर्न सकिदैन। राजश्व आम्दानीमा प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजश्व आम्दानीको अभिलेख अद्यावधिक हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ

। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५३,८३,१३,२५६।२५ | ३०,५६,४२६.०७ | ०।५७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२७ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|---|
| ११३१३ | एकीकृत सम्पती कर | २००००० | ७०२४५.६ | ३५.१२ |
| ११३१४ | भुमिकर/मालपोत | ३७०००० | ८४६६७१.६९ | २२८.८३ |
| ११३२१ | वहाल कर | १००००० | ४४९१३६.९२ | ४४९.१४ |
| ११६९१ | अन्य कर | १०५००० | ० | ० |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १९००००० | ० | ० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ११५००० | ० | ० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १५०००० | ० | ० |
| १४२२४ | परीक्षा शुल्क | १२५००० | २२७०००. | १८१.६ |
| १४२४२ | नक्सापास दस्तुर | ३००००० | ० | ० |
| १४२४३ | सिफारिश दस्तुर | ११००००० | ८६४००८.४६ | ७८.५५ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १३०००० | ० | ० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ३००००० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| १४२४९ | अन्य दस्तुर | ४१००० | २७१४४१.४ | ६६२.०५ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १६५००० | २८८०९१. | १७४.६ |
| १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | २५०००० | ० | ० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ३३००० | ० | ० |
| १५१११ | बेरूजू | ५००००० | ३९८३१. | ७.९७ |
| **जम्मा** | | **५८८४०००** | **३०५६४२६.०७** | **५१.९४** |

आयको विवरण अनुसार पालिकाले आय अनुमान गरेका ९ शिर्षकमा कर असुलनै गरेको देखिदैन ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२,८८,०९१।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन्। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२९ **आय बाडफाँट** - कोशी प्रदेश आर्थिक ऐन, २०७८ को दफा ७ मा बालुवा र गिटी ठेक्काबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष बालुवा बिक्रीबाट प्राप्त आय रु.८,४१,४३६.०० को ४० प्रतिशत रु.३,३६,५७४।४० प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्नेमा हालसम्म जम्मा गरेको देखिएन।आर्थिक ऐन अनुसार प्राप्त आयको ४० प्रतिशत प्रदेश सञ्चित कोष दाखिला गर्नु पर्ने रु.३,३६,५७४।४०

| असुल गर्नुपर्ने | ३,३६,५७४.४ |
|---|---|

३० **आय ठेक्काको पुर्व तयारी** - उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयवाट जारी भएको ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को बुँदा ४ मा गाउँपालिका वा नगरपालिकाले उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने,प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक

अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने, नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्ने व्यवस्था रहेकोमा सो मापदण्डमा भएका व्यवस्थाको पालना नगरी वातावरणीय अध्ययन प्रतिवेदनको परिमाणका आधारमा लागत अनुमान गरी विभिन्न ७ ठेक्का आव्हान गरेको देखियो। मापदण्डमा भएका सवै व्यवस्थाको पालना गरी ठेक्का वन्दोवस्त गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **परिमाण नियन्त्रण-** ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को बुँदा ४ को उपबुँदा ५,६ र ७ मा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची- २(ख) बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची- २(ग) बमोजिमको ढाँचामा पट्टा फाराम दिनु पर्ने,उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग गाउँपालिका वा नगरपालिकाले तोक्नु पर्ने र तोकिएको मार्गमा उत्खनन् तथा सङ्कलनका लागि साधन सहित प्रवेश गर्दाका बखत अनुसूची-३ बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नुपर्ने उल्लेख छ। गाउँपालिकाले यो बर्ष ७ ठेक्का आव्हान गरेको २ निर्माण व्यवसायिले वोलपत्र पेश गरी वोलपत्र स्विकृत भै सम्झौता गरेको देखियो। पालिकाले उत्खनन् गर्ने परिमाण नियन्त्रणको व्यवस्था वेगर नदिजन्य सामाग्री उत्खनन गरेको देखियो । जसवाट निर्माण व्यवसायिले सो स्थानवाट उत्खनन गरेको परिमाण यकिन गर्न सकिएन। यस सम्वन्धमा नदिजन्य पदार्थको उत्खनन गर्दा सम्झौता वमोजिमको परिमाण नियन्त्रको व्यवस्था प्रभावकारी वनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **मुल्य अभिवृद्धि कर** -

...........मिति **२०८१-१-१३** को निर्णयानुसार असुल भई **३३४,६२०** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

३३ **असुल गर्न वाँकी आय** - सम्झौता वमोजिम तोकिएको रकम समयमै दाखिला गर्नुपर्ने देखिन्छ । तथापी आय ठेक्काका लागि सम्झौता भएका देहाय वमोजिमका निर्माण व्यवसायिले सम्झौता वमोजिमको समयमा राजश्व दाखिला गरेको देखिएन। देहाय वमोजिमका सम्झौता वमोजिमको समयमा नवुझाएकाले वुझाउन वाँकी किस्ताको १० प्रतिशत व्याज सहित असुल गर्नुपर्ने रु.२४७२४२

| सिन | ठेक्का विवरण | ठेकेदारको नाम | सम्झौता रकम | दाखिला रकम | दाखिला गर्न वाँकी रकम |
|---|---|---|---|---|---|
| १ | तमोरनदी डाँङ्गडुगे घाट वगर वडा नं ४ | माता वनकाली कन्सट्रक्सन एण्ड सप्लायर्स | २८८३६६ | ९६१२२ | १९२२४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | तमोर नदी माझिटार खण्ड | नाम्लाक निर्माण सेवा | १५५९१७ | १००९१७ | ५४९९८ |
| **जम्मा** | | | | | २४७२४२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४७,२४२ |

३४ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तह मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो बर्ष उल्लेखित २ ठेक्कावाट रु.४,४४,२८१ (मुअकर समेत ) असुली गरेकोमा मूल्य अभिवृद्धि कर रु.५१,११२ असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नु पर्ने रु. ५१,११२

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,११२ |

३५ **वार्षिक खरिद योजना-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने साथै दफा ७(३) मा कार्यालयका लागि एक खरिद इकाई गठन गर्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष पुँजिगत तर्फ रु१८ करोड ८५ लाख खर्च गरेकोमा खरिद योजना तथा गुरुयोजना तयार गरेको छैन । जसले गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरिद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद योजना तयार गरी खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६ **जिन्सी लगत र संरक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामानको अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था छ। पालिकाले नियमावली बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन। सामानको स्पेशिफिकेशन र सम्पूर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई आम्दानी बाध्ने गरेको तथा आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन। प्रचलित कानुनको पालना गरी जिन्सी व्यवस्थापन थप प्रभावकारी वनाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **शारदा मावी भवन निर्माण** - शसर्त अनुदान प्राप्त भएको रकम सम्वन्धित योजनामा प्रचलित कानुनको अधिनमा रहि खर्च गर्नुपर्दछ । पालिकालाई यो बर्ष प्रदेश सशर्त अनुदानवाट आठराई गाउँपालिका वडा नं ६ मा रहेको शारदा माविका लागि गाउँपालिकाको साझेदारी विद्यालय भवन निर्माणका लागि रु.२५ लाख वजेट विनियोजन भएको देखिन्छ। पालिकाले रु.२६,७६,५७३।४९ को लागत अनुमान तयार गरी विद्यालयलाई रु.७,२७,५००।०० पेश्की उपलब्ध गराएको देखिन्छ। उक्त विद्यालयमा विगत वर्षमानै गोर्खा वेलफेयर नामक संस्थावाट १६ कोठे पक्की भवन निर्माणाधिन रहेकोमा उक्त संस्था सँग भएको सम्झौता वमोजिम विद्यालयका तर्फवाट व्यहोर्नुपर्ने लागत सहभागिता वापतको रकम सो सशर्त अनुदान वाट खर्च गर्नेगरी लागत अनुमान गरी पेश्की भुक्तानी दिएको मनासिव देखिदैन। सशर्त अनुदान प्रदान गर्दा प्रदेश सरकारले तोकेको निर्धारित कार्यमा अनुदानको रकम खर्च गरेको देखिएन। आर्थिक वर्षको अन्त्यमा पालिकाले सम्झौता गरेको रकमभन्दा न्युन रु.११,०३,४५२।८९ को प्राविधिक मुल्याङ्कन गरी रु.७,२७,५०० पेश्की फर्स्यौट गरेकोले उल्लेखित भुक्तानी गर्ने स्पष्ट आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ७,२७,५००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२७,५०० |

३८ **सक्रान्तीबजार व्यवस्थापन** - गाउँपालिकाले संघिय समपुरक अनुदान अन्तरगत सक्रान्तीबजारमा करिव १.४२ किलोमिटर सडक स्तरोन्नती गरी करिव २५६ मिटर कालोपत्रे सडक तथा ८३७ मिटर आरसिसिको कार्य तथा २ वटा कल्भर्ट, करिव ०.९७ किलोमिटर नाला समेतको संरचना निर्माणको लागि ठेक्का नं NCB/ARM/ROAD-०१/२०७८/७९ मार्फत निर्माण व्यवसायी थापा सिन्धुली जेभी सँग रु.६२९५७६२९।०३ (मूल्य अभिवृद्धी कर समेत) मा २०८०।९।२८ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७९।३।२८ मा सम्झौता भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

३८.१ **प्रोभिजनल समको भुक्तानी-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार रनिङ बिल भुक्तानी गर्दा करारका शर्त बमोजिम गर्न सक्ने उल्लेख छ । नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष सक्रान्ती बजार व्यवस्थापनको निर्माण कार्य गरि निर्माण व्यवसायि थापा सिन्धुली जेभीलाई देहाय वमोजिमका रनिङ्ग विलमा प्रोभिजनल समको आईटम समेत समावेश गरी भुक्तानी गरेकोमा निर्माण व्यवसायीले प्रोभिजनल समको आइटमको आवश्यक विल वेगर रु.७,३१,१४३ भुक्तानी गरेको देखिएकोले विल वेगर भुक्तानी गरेकोले प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.७,३१,१४३

| विलको विवरण | गोश्वरा भौचर र मिति | कुल मुल्याङ्कन | प्रोभिजनल समको आइटम | भुक्तानी रकम |
|---|---|---|---|---|
| पहिलो | ८ र १४, २०७९।१०।२४ | १२०४४६२० | Insurance | २६०००० |
| | | | Site office | १०५००० |
| | | | Reallocation or resources | १००००० |
| | | | Environment mitigation | ५०००० |
| | | | Social compliance | ५०००० |
| दोस्रो | १३ र ३८, २०७९।१२।१४ | ७३१४८८३।९५ | Site office | ३०००० |
| | | | Lab test | ५२०२९ |
| **जम्मा** | | | | **६४७०२९** |
| **मुल्य अभिवृद्धि कर** | | | | **८४११४** |
| **कुल जम्मा** | | | | **७३११४३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३१,१४३ |

३८.२ **बि.ओ.क्यु. परिमाण भन्दा बढि भुक्तानी -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) ले खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने, नियमावलीको नियम ११८ ले यसरी आदेश जारी गर्दा आवश्यक पर्ने बिवरणमा भेरिएसन परिमाणको प्राबिधिक पुष्ट्याँई र कारण सार्वजनिक निकायको प्रमुखवाट प्रमाणित भएको हुनु पर्ने व्यवस्था छ। निर्माण व्यावसायीलाई तेस्रो रनिङ्ग बिल सम्मको रकम भुक्तानी गर्दा निम्न आइटमहरुमा बि ओ क्यू परिमाण (सम्झौता परिमाण) भन्दा बढी परिमाणको देहायका आइटममा रु.९२,७८३ भुक्तानी भएकोमा भेरिएसन गरेको नदेखिदा मूल्य अभिवृद्धि कर समेत नियमसम्मत नदेखिएको रु.९२,७८३

| आइटम नं | विवरण | विओक्यु परिमाण | भुक्तानी परिमाण | दर | वढि भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ३ | एक्जाभेसन | ९०३।७५ | १२०१ | २०० | ५९४५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | व्याक फिलिङ्ग | १६१।३४ | २५१।८३ | १०० | ९०४९ |
| १८ | स्टोन सोलिङ्ग | ११।४९ | १२।६९ | २००० | २४०० |
| | फर्मवक | ५५०।११ | ५९४।९५ | २५० | ११२१० |
| **जम्मा** | | | | | **८२१०९** |
| **मुअकर** | | | | | **१०६७४** |
| **कुल जम्मा** | | | | | **९२७८३** |

| | |
|---|---|
| अनियमित भएको | ९२,७८३ |

३८.३ **कार्य प्रगति-** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८०।९।२८ मा सम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायिले यो बर्षको अन्त्यसम्म तेस्रो रनिङ्ग विल सम्म रु.२,६२,५१,४३७।००(मुअकर समेत) भुक्तानी भै करिव ४२ प्रतिशत वित्तीय तथा ४५ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। सम्झौता वमोजिम लेखापरीक्षण अवधिमा सम्झौता वमोजिमको दुइतिहाई समयावधि समाप्त भैसकेको अवस्था निर्माण कार्यको प्रगति सन्तोषजनक रहेको देखिएन। पालिकाले सम्झौता वमोजिमको समयावधिमा निर्माण कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८.४ **वढि पेश्की-** सार्बजनिक खरिद ऐनको दफा ५२क (१)मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था छ। पालिकाले सक्रान्तीबजार व्यवस्थापनका लागि निर्माण व्यवसायि थापा सिन्धुली जेभि सँग मुअकर र प्रोभिजनल समको रकम वाहेक रु.५,४६,२६,२२०।०० को २० प्रतिशतले हुने रु.१,०९,२५,२४४ मात्र पेश्की दिनुपर्नेमा देहाय अनुसार रु.१,२५,९१,५२४ पेश्की प्रदान गरेको देखिन्छ। यसरी वढि भुक्तानी गरेको पेश्की रकम फिर्ता गरी सम्वन्धित संचितकोष दाखिला गर्नुपर्ने रु.१६,६६,२८०

| पेश्की किस्ता | गोश्वारा भौचर र मिति | भुक्तानी पेश्की रकम | पाउने पेश्की रकम | वढि पेश्की भुक्तानी |
|---|---|---|---|---|
| पहिलो | २ २०७९।६।१२ | ६२९५७६२ | ५४६२६२२ | ८३३१४० |
| दोस्रो | ४ २०७९।८।२९ | ६२९५७६२ | ५४६२६२२ | ८३३१४० |

| जम्मा | १२५९१५२४ | १०९२५२४४ | १६६६२८० |
|---|---|---|---|

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,६६,२८० |

३८.
५ **पिएस आइटमको सम्झौता-** लागत अनुमानमा समावेश भएको प्रोभिजनल समको आईटमलाई वोलपत्र कागजात तयार गर्दा प्रोभिजनल सम आईटममा समावेश गरी विओक्यु राख्नु पर्दछ। पालिकाले उक्त निर्माण कार्यको लागि वोलपत्र आव्हान गर्दा पिएस आइटममा समावेश गर्नुपर्ने ७ वटा आइटमहरुलाई प्रोक्युरमेन्ट आईटममा समावेश गरी वोलपत्र आव्हान गरेको देखिन्छ । जसले गर्दा प्रोभिजनल आइटममा समेत थप मुल्य अभिवृद्धि कर रु.१,५९,९०० समावेश गरी सम्झौता रकम कायम भएको देखिन्छ । यसरी पिएस आइटम समावेश हुने मुअकर समेतको सम्झौता गरेको नियम सम्मत नदेखिएको रु.१,५९,९००

| | |
|---|---|
| अनियमित भएको | १,५९,९०० |

३९ **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण अनुदान वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यो बर्ष संघिय समपुरक अनुदान तर्फ २ वटा योजनाको लागि यो बर्ष रु. ५,७८,५६,००० भुक्तानी गरेकोमा उल्लेखित खर्चको ५० प्रतिशतले हुने रु.२८,९२,८०००।०० पालिकाको स्रोतवाट खर्च गरी ५० प्रतिशतले हुने रकममात्र समपुरक अनुदानवाट खर्च गर्नुपर्नेमा रु.२,९६,१४,६३३ खर्च गरेको देखियो।गाउँपालिका स्रोतवाट रु.६,८६,६३३ न्युन खर्च गरेको देखियो। यसरी पालिका स्रोतवाट व्यहोर्नुपर्ने रकम समेत समपुरक अनुदानवाट खर्च गरेको नियम सम्मत देखिएन।उल्लेखित खर्चको स्रोत मिलान गर्नुपर्ने रु.६,८६,६३३

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,८६,६३३ |

४० **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा १४ले केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयन गर्न जिल्लाको स्थानीय तह र संख्या निर्धारण गर्ने उल्लेख छ। त्यसैगरी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५को दफा ११(२) को व्यवस्था अनुसार निवेदन संकलनको सूचना, घरधुरी सर्वेक्षण, लाभग्राही छनोट, सम्झौता र कार्यप्रगतिको आधारमा भुक्तानी गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ ।गाउँपालिकाले यस वर्ष सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनका लागि रु.२४,००,००० बजेट प्राप्त भएकोमा ४८ लाभग्राहीलाई प्रथम तथा दोस्रो किस्ताको एकमुष्ठ रु.५०,००० का दरले रु.२४,००,००० मात्र खर्च भएको देखिन्छ। पालिकामा हस्तानतरण भै आएको कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **प्राविधिक मुल्याङ्कन -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ वमोजिम लाभग्राहीलाई दोस्रो किस्ताको रकम भुक्तानी गर्दा प्रथक किस्ताको रकम उपयोगका सम्वन्धमा अनुसुचीमा उल्लेखित ढाँचामा प्राविधिक प्रतिवेदन समावेश गरी दोस्रो किस्ताको रकम भुक्तानी गर्नुपर्नेमा नमुना छनौटका आधारमा परिक्षण गर्दा देहाय वमोजिमका कैफियत देखिएका लाभग्राहीलाई एकमुष्ठ रकम भुक्तानी गरेको देखिएकोले उल्लेखित प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.१,५०,०००

| सि न | लाभग्राहीको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १ | सुमन सि लिम्वु | ५०,००० | प्राविधिक प्रतिवेदन समावेश नभएको |
| २ | तेज वहादुर लिम्वु | ५०,००० | प्राविधिक प्रतिवेदन समावेश नभएको |
| ३ | सरन वहादुर गुरुङ्ग | ५०,००० | सम्झौता तथा प्राविधिक प्रतिवेदन समावेश नभएको |
| **जम्मा** | | **१,५० ,०००** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,००० |

४२ **वढि भुक्तानी** -पालिकाले प्राविधिक मुल्याङ्कन गर्दा प्रचलित जिल्ला दररेट भन्दा वढि समावेश गरी भुक्तानी गर्नु हुदैन ।प्रदेश शसर्त अनुदान अन्तर्गत पालिकामा सुन्तलाजात खेतीका लागि विरुवा खरिद रोपण तथा सिचाई व्यवस्थापनका लागि प्राविधिक मुल्याङ्कन गर्दा पाँचथरको जिल्ला दररेटलाई आधार लिई लागत अनुमान तथा मुल्याङ्कन गरेकोमा र सो जिल्ला दररेट अनुसार सुन्तला वा कागतीको खोकु ग्रेडिङ विरुवा प्रतिगोटा रु.१२० उल्लेख छ। तथापी देहाय वमोजिमका कृषकले स्थानीय नर्सरीवाट कागती तथा सुन्तलाको विजु विरुवा खरिद गरेको देखिन्छ। स्विकृत जिल्ला दररेट अनुसार विजु विरुवा प्रतिगोटा रु.३० मात्र पर्न जानेमा प्रतिगोटा रु.१२० समावेश गरी सोही आधारम भुक्तानी गरेको देखिएकाले जिल्ला दररेट भन्दा वढी दरले भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.३,०३,७५०

| क्र स | मिति | भौ. नं. | विवरण | कुल भुक्तानी रकम | विरुवा खरिदको वढि भुक्तानी प्रति गोटा रु ९० दरले ७५ प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०३/१५/२०८० | १३ | सूर्य कुमार कन्दङवा | ३५४६८ | १०१२५ |
| २ | ०३/१५/२०८० | १४ | साजन गुरुङ | ३५४६८ | १०१२५ |
| ३ | ०३/१७/२०८० | १५ | भवानी शंकर बास्कोटा | ३५४६८ | १०१२५ |
| ४ | ०३/१७/२०८० | १६ | चन्द्र लाल दाहाल | ३५४६८ | १०१२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ०३/१७/२०८० | १७ | भक्त बहादुर कन्दङवा | ३५१६० | १०१२५ |
| ६ | ०३/१७/२०८० | १८ | मेघराज ढुंगेल | ३५१३२ | १०१२५ |
| ७ | ०३/१७/२०८० | १९ | तीलचन उप्रेती | ३५५०० | १०१२५ |
| ८ | ०३/१७/२०८० | २० | युवराज मैनाली | ३५५२८ | १०१२५ |
| ९ | ०३/१७/२०८० | २१ | कमला लिम्बु | ३५२१२ | १०१२५ |
| १० | ०३/१७/२०८० | २२ | गोपाल उप्रेती | ३५५२८ | १०१२५ |
| ११ | ०३/१७/२०८० | २३ | रत्न मणि ओली | ३५५२८ | १०१२५ |
| १२ | ०३/१८/२०८० | २४ | नरेन्द्र प्रसाद ओली | ३५५२८ | १०१२५ |
| १३ | ०३/१९/२०८० | २६ | श्याम कुमार भट्टराई | ३५२९५ | १०१२५ |
| १४ | ०३/१९/२०८० | २७ | अविचन्द्र घिसिंङल | ३००४३ | १०१२५ |
| १५ | ०३/१९/२०८० | २८ | नबिन मंग्रानति | ३३१६५ | १०१२५ |
| १६ | ०३/१९/२०८० | २९ | अर्जुन कुमार घिसिंङ | ३४५९३ | १०१२५ |
| १७ | ०३/१९/२०८० | ३० | अर्जुन प्रसाई | ३०५५३ | १०१२५ |
| १८ | ०३/१९/२०८० | ३१ | सुमित्रा बाँनियाँ | ३५४४३ | १०१२५ |
| १९ | ०३/१९/२०८० | ३२ | कमला देवी बहुउद्देशीय कृषि फर्म | २९९७० | १०१२५ |
| २० | ०३/२०/२०८० | ३७ | विर्ख बहादुर सार्की | ३५१५५ | १०१२५ |
| २१ | ०३/२०/२०८० | ४२ | मोहन प्रसाद वास्कोटा | ३३१८० | १०१२५ |
| २२ | ०३/२०/२०८० | ४३ | विष्णु कुमार कन्दङवा | ३३१८० | १०१२५ |
| २३ | ०३/२०/२०८० | ४४ | मित्र ईङ्गनाम | ३५२५७ | १०१२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | ०३/२०/२०८० | ४५ | सं शान्ता लिम्बू | ३९७०० | १०१२५ |
| २५ | ०३/२१/२०८० | ४६ | शिव प्रसाद अधिकारी | ३५२५४ | १०१२५ |
| २६ | ०३/२१/२०८० | ४७ | पुण्य प्रसाद सिटौला | ३५४९६ | १०१२५ |
| २७ | ०३/२१/२०८० | ४८ | घनश्याम बाँस्कोटा | ३५१८० | १०१२५ |
| २८ | ०३/२२/२०८० | ५० | हिमलाल सिवाकोटी | ३७५१५ | १०१२५ |
| २९ | ०३/२२/२०८० | ५२ | दिलिप गुरुङ | ३७१९५ | १०१२५ |
| ३० | ०३/२२/२०८० | ५३ | विर बहादुर विश्वकर्मा | ३५०७५ | १०१२५ |
| **जम्मा** | | | | **१०४६२३७** | **३०३७५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०३,७५० |

४३ **भाडा भुक्तानी**-प्रदेश शसर्त अनुदान अन्तर्गत पालिकामा सुन्तलाजात खेतीका लागि विरुवा खरिद रोपण तथा सिचाई व्यवस्थापनका लागि परिश्रमी महिला कृषि सहकारीलाई रु.६,६३,६७७ को प्राविधिक मुल्याङ्कन गरी शसर्त अनुदानवाट रु.४,९७,५१९ तथा गाउँपालिकावाट रु.९९,५०३ गरी भुक्तानी भएको देखिन्छ । उक्त प्राविधिक प्रतिवेदनमा धनकुटावाट खरिद गरेको र प्रति विरुवा ३९।७५ भाडा समावेश गरी कुल रु.६२,०१०।०० समावेश गरेको छ । प्रति वीरुवा भाडाको दर विश्लेषण गर्दा १ विरुवाको लागि ५ किलो माटो समेत ढुवानी गर्नेगरी दर कायम गरको देखिन्छ तथापी खरिद गरी ल्याएको विरुवा जरामा कुनैपनी माटो नभएको पेश भएको प्रमाणमा संलग्न रहेकोले ढुवानी वापत अधिकतम रु.१०,००० समावेश गर्दा वढि ढुवानी रकम समावेश गरी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.५२,०१०

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,०१० |

४४ **एकमुष्ठ नापी**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले ठुटेवर विजौरे तमोरनदी सडक स्तरोन्नतीका कार्यको अन्तिम प्राविधिक मुल्याङ्कन रु ८७५८९७० गरेकोमा प्राविधिक मुल्याङ्कनमा (नापी किताव) स्टोन सोलिङ्गको कार्य एकमुष्ठ १२०० मिटर लम्वाई, ६ मिटर चौडाई तथा ०.१५ उचाई समावेश गरी १०९८ घनमिटरको प्रतिघन मिटरको रु.३,२५६।८० का दरले रु ३५,७५,९६६।४० मुल्याङ्कन गरेको देखिन्छ । लागत अनुमानमा सडकको विभिन्न चेनेजमा कार्य गर्ने उल्लेख भएकोमा एउटै लम्वाई

तथा चौडाईका आधारमा नापी लिई मुल्याङ्कन गरेको देखिएकाले सो सम्वन्धमा कार्यालयवाट एकिन गरी वास्तविक परिमाणको एकिन गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५ **ठुटेवर विजौरे तमोरनदी सडक स्तरोन्नती** –
~~ ........... मिति **२०८०-१२-८** को निर्णयानुसार असुल भई **२१६,२१६** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

४६ **कार्यविधि विपरीत उपभोक्ता समितिवाट निर्माण कार्य** - कोशी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को वुँदा नं ९(ग) मा समपुरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन तथा प्रचलित सार्वजनिक खरिद कानूनको व्यस्थाको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नुपर्ने साथै यस्तो अनुदानको रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत खर्च गर्न नपाइने उल्लेख छ। गाउँपालिकाले यो वर्ष प्रदेश समपुरक अनुदान मार्फत देहाय वमोजिमका २ योजनाको लागि रु१,००,००,०००।०० बजेट विनियोजन भएकोमा देहायका २ योजनामा उपभोक्ता समिति सँग रु१,८६,३३,७२३ को सम्झौता गरेको देखिन्छ। कार्यविधि एवं स्विकृत कार्यक्रम वमोजिमका योजनाहरु ठेक्का प्रतिस्पर्धाको माध्यमवाट गर्नुपर्नेमा उपभोक्ता समिति मार्फत संचालन गरी दुवै श्रोतवाट २ योजनामा रु१,४१,५४,७७७ बजेट खर्च गरेको देखिन्छ ।उपभोक्ता समितिले समेत आफुले पाएको कार्य अन्य निर्माण व्यवसायि मार्फत संचालन गर्न नहुने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा व्यवस्था रहेकोमा देहायका निर्माण व्यवसायि सँग सम्झौता गरी निर्माण कार्य गराएको देखिन्छ। अनुदान कार्यविधिमा भएको व्यवस्था विपरीत उपभोक्ता समिति मार्फत निर्माण कार्य गरेको नियम सम्मत देखिदैन। सम्वन्धित पक्षलाई थप जिम्मेवार वनाई कार्यविधि अनुरुप योजनाको कार्यान्वयन गर्नेतर्फ गाउँपालकिकाको ध्यान जानुपर्ने देखिएको रु. १,४१,५४,७७७

| अनियमित भएको | १,४१,५४,७७७ |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७ **कागती सुन्तला प्रवद्धन कार्यक्रम** - कोशी प्रदेश, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ वुँदा ३ को सि नं ४ मा व्यवसायिक फलफूलका क्षेत्र विस्तारका लागि उन्नत जातको विरुवा खरिद, माच व्यवस्थापन, सिंचाइ व्यवस्थापन, यान्त्रिकरण, प्रशोधन, भण्डारणका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले यो बर्ष प्रदेश शसर्त अनुदान मार्फत पालिकामा सुन्तलाजात खेतीका लागि विरुवा खरिद रोपण तथा सिचाई व्यवस्थापनका लागि प्राविधिक मुल्याङ्कनका आधारमा अनुदान उपलब्ध गराएकोमा कार्यविधि विपरीत ७५ प्रतिशत प्रदेश तथा १५ प्रतिशत रकम गाउपालिकावाट भुक्तानी गरी १० प्रतिशत मात्र कृषकको सहभागिता गराई अनुदान भुक्तानी गरेको नियम

सम्मत देखिएन । कृषकले अनिवार्य व्यहोर्नुपर्ने रकम पालिकावाट व्यहोर्ने आधार वेगर पालिकावाट भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.३,५३,३८६.००

| सि नं | मिति | भौ. नं. | लाभग्राहीको विवरण | कृषकले व्यहोर्नुपर्ने रकम मध्ये पालिकाले भुक्तानी गरेको रकम |
|---|---|---|---|---|
| १ | ०३/१५/२०८० | ३०८ | सूर्य कुमार कन्दङवा | ७,०९०.०० |
| २ | ०३/१५/२०८० | ३०९ | साजन गुरुङ | ७,०९२.०० |
| ३ | ०३/१७/२०८० | ३२४ | भवानी शंकर बास्कोटा | ७,०९२.०० |
| ४ | ०३/१७/२०८० | ३२५ | चन्द्र लाल दाहाल | ७,०९२.०० |
| ५ | ०३/१७/२०८० | ३२७ | भक्त बहादुर कन्दङवा | ७,०३२.०० |
| ६ | ०३/१७/२०८० | ३२९ | मेघराज ढुंगेल | ७,०२५.०० |
| ७ | ०३/१७/२०८० | ३३१ | तीलचन उप्रेती | ७,१००.०० |
| ८ | ०३/१७/२०८० | ३३२ | युवराज मैनाली | ७,१०५.०० |
| ९ | ०३/१७/२०८० | ३३४ | कमला लिम्बु | ७,०४०.०० |
| १० | ०३/१७/२०८० | ३३५ | गोपाल उप्रेती | ७,१०५.०० |
| ११ | ०३/१७/२०८० | ३३७ | रत्न मणि ओली | ७,१०५.०० |
| १२ | ०३/१८/२०८० | ३४० | नरेन्द्र प्रसाद ओली | ७,१००.०० |
| १३ | ०३/१९/२०८० | ३४१ | तारा विर सार्की | ७,३४९.०० |
| १४ | ०३/१९/२०८० | ३४३ | का श्याम कुमार भट्टराई | ७,०५८.०० |
| १५ | ०३/१९/२०८० | ३४४ | अविचन्द्र घिसिंङल | ६,००७.०० |
| १६ | ०३/१९/२०८० | ३४५ | नबिन मंग्रानति | ६,६३२.०० |
| १७ | ०३/१९/२०८० | ३४६ | अर्जुन कुमार घिसिंङ | ६,९१८.०० |
| १८ | ०३/१९/२०८० | ३४७ | काअर्जुन प्रसाई | ६,१०९.०० |
| १९ | ०३/१९/२०८० | ३४८ | सुमित्रा बाँनियाँ | ७,०८७.०० |
| २० | ०३/१९/२०८० | ३४९ | कमला देवी बहुउद्देशीय कृषि फर्म | ५,९९३.०० |

| | | | | |
|---|---|---|---|---|
| २१ | ०३/१९/२०८० | ३५० | परिश्रमि महिला कृषि सहकारी संस्था लि. | ९९,५०३.०० |
| २२ | ०३/१९/२०८० | ३५२ | रमेश आले | ७,०७८.०० |
| २३ | ०३/२०/२०८० | ३५९ | विर्ख बहादुर सार्की | ७,०३०.०० |
| २४ | ०३/२०/२०८० | ३६० | मातृका प्रसाद तिम्सीना | ७,९४४.०० |
| २५ | ०३/२०/२०८० | ३६२ | डोलेश्वर निरौला | ७,९४५.०० |
| २६ | ०३/२०/२०८० | ३६३ | विष्णुमति कुरुम्वाङ्ग | ७,९००.०० |
| २७ | ०३/२०/२०८० | ३६४ | मोहन प्रसाद वास्कोटा | ६,६३६.०० |
| २८ | ०३/२०/२०८० | ३६५ | विष्णु कुमार कन्दङवा | ६,६३६.०० |
| २९ | ०३/२०/२०८० | ३६७ | मित्र ईङ्गनाम | ६,४१८.०० |
| ३० | ०३/२०/२०८० | ३६९ | सं शान्ता लिम्बू | ७,९००.०० |
| ३१ | ०३/२१/२०८० | ३७९ | शिव प्रसाद अधिकारी | ७,०५०.०० |
| ३२ | ०३/२१/२०८० | ३८० | पुण्य प्रसाद सिटौला | ७,०९५.०० |
| ३३ | ०३/२१/२०८० | ३८३ | घनश्याम बाँस्कोटा | ७,०३५.०० |
| ३४ | ०३/२२/२०८० | ३८७ | हिमलाल सिवाकोटी | ७,४००.०० |
| ३५ | ०३/२२/२०८० | ३८८ | गजेन्द्र कुमार तामाङ | ७,२४५.०० |
| ३६ | ०३/२२/२०८० | ३९८ | दिलिप गुरुङ | ७,४२५.०० |
| ३७ | ०३/२२/२०८० | ३९९ | विर बहादुर विश्वकर्मा | ७,०१५.०० |
| **जम्मा** | | | | **३५३३८६.** |

| | |
|---|---|
| अनियमित भएको | ३,५३,३८६ |

४८ **कवर्डहल निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो बर्ष प्रदेश शसर्त अनुदान अन्तरगत वडा नं ६ मा कवर्ड हल निर्माणका रु२० लाख वजेट विनियोजन भएको देखिन्छ । उक्त कवर्ड हल निर्माणका लागि पालिकाले उपभोक्ता समिति सँग सम्झौता गरी रु.२१,२२,९४८।००

को कार्य सम्पन्न गरी गोश्वरा भौचर नं ५४,२०८०।३।२१ मा रु.१९,९०,२०१।०० भुक्तानी गरेको देखिन्छ। निर्माणको कार्य सम्पन्न प्रतिवेदन तयार गरेतापनी लेखापरीक्षणको अवधिमा निर्माण कार्यको फोटोका आधारमा परीक्षण गर्दा १४ वटा स्क्वायर पाइप गाड्ने कार्य मात्र भएको, मुल्याङ्कनमा समावेश भएको ७ वटा राफ्टर मध्ये ६ वटा निर्माण गरी जडान गर्न बाँकी रहेको र १ वटा नवनाएको अवस्था देखियो । उक्त भवनको डिजाईन समेत उपभोक्ता समितिको विओक्युमा समावेश गरेकोमा डिजाईनमा कुल १८ वटा पोष्ट राख्नुपर्ने र घेरावेरा तथा रुफिङ्गको कार्यका लागि यो बर्ष कुनैपनी स्रोततर्फ बजेट विनियोजन भएको देखिएन । पालिकाले निर्माण कार्य सम्पन्न नगरी प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरी उपभोक्ता समितिको खाता रोक्का गरेको मनासिव देखिएन। उपभोक्ता समिति मार्फत यस्ता जटील कार्यहरु गराएको साथै तोकिएको समयमा कार्यसम्पन्न नगरी उपभोक्ता समितिको खाता रोक्का राखी निर्माण कार्य गराएको मनासिव देखिदैन। प्राविधिक मुल्याङ्कनमा समावेश भएको परिमाण नघट्ने गरी कार्य भएको सुनिश्चितता वेगर अन्तिम भुक्तानी नदिने र भुक्तानी दिएको कार्य वास्तविक रुपमा सम्पन्न भएको सुनिश्चितता गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,८०,४०२ |

४९ **ईवा बरवोटे छातेढुङ्गा देउडिवजार सडक निर्माण** - गाउँपालिकाले संघिय समपुरक अनुदान अन्तरगत ईवा बरवोटे छातेढुङ्गा देउडिवजार सडक निर्माणको लागि ठेक्का नं NCB/ARM/ROAD-०२/२०७८/७९मार्फत निर्माण व्यवसायी एसएएस कन्सट्रक्सन प्राली सँग रु.८,४७,७७,८२६।५३ (मूल्य अभिवृद्धी कर समेत) मा २०८०।०९।१७ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७९।०३।२३ मा सम्झौता भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

४९.१ **कार्य प्रगति**- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८०।९।१७ मा सम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायिले यो बर्षको अन्त्यसम्म तेस्रो रनिङ्ग विल सम्म रु.४,७९,००,२५५ (मुअकर समेत) भुक्तानी भै करिव ५६ प्रतिशत वित्तीय तथा ६० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । सम्झौता वमोजिम लेखापरीक्षण अवधिमा सम्झौता वमोजिमको समयावधि समाप्त हुन ४ महिनाको अवधि बाँकी रहेको अवस्था निर्माण कार्यको प्रगति सन्तोषजनक रहेको देखिएन । पालिकाले सम्झौता वमोजिमको समयावधिमा निर्माण कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९.२ **प्राविधिक मुल्याङ्कन** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो बर्ष ईवा बरवोटे छातेढुङ्गा देउडिवजार सडक निर्माण कार्यको दोस्रो रनिङ्ग विलको

प्राविधिक मुल्याङ्कनमा स्टोन मेशनरी कार्यको जोडजम्मा फरक पारी देहाय वमोजिम २०.५ घनमिटरको प्रतिघनमिटर रु.४,००० का दरले हुने रु.८२,००० वढि मुल्याङ्कन गरेको देखिन्छ । वास्तविक मुल्याङ्कन भन्दा वढि भुक्तानी भएको रु.८२,००० र सोको मुल्य अभिवृद्धि कर रु.१०,६६० समेत असुलगर्नुपर्ने रु.९२,६६०

| लेयर | लम्वाई | क्षेत्रफल | वास्तविक परिमाण | नापी कितावमा समावेश भएको परिमाण | वढि परिमाण(घनमीटरु) |
|---|---|---|---|---|---|
| चौथो लेयर | ११ | ७ | ७७ | ८२।५ | ५।५ |
| पाँचौ लेयर | ७ | १० | ७० | ८५ | १५ |
| वढि परिमाण | | | | | २०।५ |
| दर प्रति घनमिटर | | | | | ४,००० |
| जम्मा वढि भुक्तानी (मुअकर समेत) | | | | | ९२,६६० |

| असुल गर्नुपर्ने | ९२,६६० |
|---|---|

४९.३ **वढि भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायि नियमावली २०७७ को नियम ३९ अनुसार कुनै पनि भुक्तानी दिदा रितपूर्वक बिल भर्पाई चेक जाँच गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो बर्ष ईवा बरवोटे छातेढुङ्गा देउडिवजार सडक निर्माण कार्यको तेस्रो रनिङ्ग विलको प्राविधिक मुल्याङ्कनमा कुल रु.४,७९,००,२५५।९८ मुल्याङ्कन गरेको देखिन्छ। तथापी ३ वटा रनिङ्ग विलको कुल भुक्तानी रु.४,८१,१९,३९० भएको देखिन्छ ।यसरी वास्तविक मुल्याङ्कन भन्दा वढि भुक्तानी भएको रु.२,१९,१३५ का सम्वन्धमा कार्यालयवाट एकिन गरी असुल गर्नुपर्ने रु.२,१९,१३५

| असुल गर्नुपर्ने | २,१९,१३५ |
|---|---|

४९.४ **पेश्की जोखिम**- सार्वजनिक खरिद नियमवली २०६४ को नियम ११३(३) मा पेश्की दिदा वाणिज्य बैङ्कको जमा पेश गर्नु पर्ने र वैङ्क जमानत को मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा वढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ। पालिकाले ईवा बरवोटे छातेढुङ्गा देउडिवजार सडक निर्माण कार्यका लागि निर्माण व्यवसायी एसएएस कन्सट्रक्सन प्रालीलाई गतवर्ष अग्रिम भुक्तानी गर्नुपर्ने रकम खर्च लेखि भुक्तानी गरेको रु.१,६९,००,००० मध्ये बर्षको अन्त्य

सम्म फस्यौंट भै रु.६८,२६,४०८ फस्यौंट गर्न बाँकी रहेको छ । निर्माण व्यवसायिले पेश्की जमानत वापत कृषि बैङ्क लिमिटेडको APG०१२/००१३/६७७९/२२ को जमानतको म्याद ६ जुलाई २०२३ सम्म मात्र रहेको देखिन्छ । निर्माण कार्यको पेश्की रकम बाँकी रहेको अवस्थामा म्याद थप गर्दा समेत पेश्की जमानतको म्याद थप गरेको देखिएन। खरिद नियमावली तथा सम्झौता वमोजमिम पेश्की फस्यौंट अवधि सम्मको म्याद थप भएको प्रमाण पेश गर्नुपर्ने रु.६८,२६,४०८

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८,२६,४०८ |

५० **वडा कार्यालय भवन निर्माण** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रचलित नर्म्स तथा समाग्रीको मुल्यका आधारमा गर्नुपर्दछ। पालिकाले वडा नं ६ को वडा कार्यालय उपभोक्ता समिति मार्फत निर्माण गरी १७५६१४० को प्राविधिक मुल्याङ्कन गरी रु १५४४२९६ भुक्तानी गरेको देखिन्छ । उक्त निर्माण कार्यको लागि ब्रिक वर्क्सको दर विश्लेषण गर्दा प्रतिघनमिटर ब्रिक्स वर्क्समा ५६० वट ईट्टा समवेश हुने र झापा जिल्लाको दररेट प्रति ईटा १७।६० मा प्रति इट्टा ढुवानी रु २० समावेश गरी इट्टाको मुल्य रु ३७।६० कायम गरेको देखिन्छ। इट्टाको प्रति ईकाइ मुल्य निर्धारण गर्दा ढुवानी प्रतिकिलोका दरले गणना गरेको मनासिव देखिदैन। पालिकाले पाँचथर जिल्लाको दररेटलाई कायम गर्ने निर्णय गरेकोमा गाडिमा ढुवानी गर्न मिल्ने स्थानमा प्रतिदिन ट्रक तथा टिपरको भाडा दर कायम राखि दर विश्लेषण गर्नुपर्ने देखिन्छ। दर विश्लेषणमा ब्रिक्स वर्क्स प्रतिघनमिटर को रु.२८,५०७ कायम गरी २५.५ घनमिटरको सोही दरका आधारमा भुक्तानी भएको छ । यसरी भाडा दर केजीका आधारमा राखी भुक्तानी गर्दा मित्वययी हुने आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.९४,६८९

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४,६८९ |

५१ **निर्माण कार्य** - उपभोक्ता समितिसँग निर्माणकार्यको सम्झोता गर्दा एक आर्थिक वर्षभित्र समपन्न हुनेगरी गर्नुपर्दछ।तर गाउँपालिका र उपभोक्ता समिति बीच भएको सम्झौता भन्दा देहायका योजनामा न्युन कार्य गर्दा कार्य सम्पन्न गरेको पाईयो।यो बर्ष नुमना छनोटका रुपमा परिक्षण गर्दा ९ देखी ३६ प्रतिशत न्युन कार्य गर्दा समेत कार्यसम्पन्न गरी भुक्तानी गरेको देखिन्छ ।साल बसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित हुने देखिन्छ।तसर्थ समयमै कार्य सम्पन्न हुनेगरी उपभोक्ता समितिसँग सम्झौता गरी योजना सम्पन्न गर्नुपर्ने देखिन्छ।यसका केही उदाहरणहरु देहाय वमोजिम रहेका छन ।

| निर्माण कार्य | सम्झौता रकम | सम्पन्न मिति | सम्पन्न रकम | न्युन प्रतिशत |
|---|---|---|---|---|
| कोयाखोला आर्यघाट निर्माण | ४२६८५३ | २०७९।२।३१ | २८९५२४ | ३२।१० |
| सामुदायिक भवन चर्पी निर्माण | ४०६३५० | २०८०।३।८ | ३१९०८० | २१।४८ |

| | | | | |
|---|---|---|---|---|
| सुर्केधारा खानेपानी योजना | ६५९६५९ | २०८०।३।१३ | ४०८५२२ | ३०।९४ |
| सिस्नेपानी तमोर मोटरवाटो | ६९३५४९ | २०८०।३।१३ | ४६२११७ | ३४।८७ |
| वडा नं ४ वडा कार्यालय भवन निर्मण | १७१०५६० | २०८०।३।१७ | १२८७११० | २४।७६ |
| सार्वजनिक सौचालय व्यवस्थापन | २१४८०३ | २०८०।३।२३ | १३७४०५ | ३६।०३ |
| सक्रान्तीवजार खानेपानी व्यवस्थापन | ४६६३९५५ | २०८०।३।२४ | ४२४८०६० | ८।९२ |

सैद्धान्तिक बेरुजु

५२ **झाक्रीगुफा खेलमैदान**

........... मिति **२०८०-१२-८** को निर्णयानुसार असुल भई **१,४३५,१५८** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

५३ **होमपाइप खरिद** - पालिकाले यो बर्ष होमपाइप खरिदका लागि रु २५ लाख वजेट विनियोजन गरी रु २४१६३९२ (मुअकर समेत)को लागत अनुमान तयार गरी ६ मिटर डवल वाल कोरुगेटेड पाइप खरिदका लागि आपुर्तक हिलटेक प्लास्टिक पाइप इन्डस्ट्रिज प्रालीसँग सँग रु.२३,९४,४५७(मुअकर सहित )सम्झौता गरी भुक्तानी गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

५३.१ **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा दफा ९ मा उल्लेख भएको व्यवस्थाका साथै सम्वन्धित सार्वजनिक निकाय वा जिल्लास्थित अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको लागत, स्थानीय वजारको प्रचलित दरभाउ, अन्य वजारको दरभाउ र आपुर्ति गर्न लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिई लागत अनुमान गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाले होम पाइप खरिद कार्यका लागि स्पेशिफिकेशन तयार गरेकोमा सोको लागत अनुमान गर्दा उल्लेखित सवै व्यवस्था समावेश नगरी हिलटेक प्लास्टिक प्रालीले पाँचथर जिल्लाका लागि कायम गरेको विक्री दर रु.९२०० प्रतिमिटर लाई नै लागत अनुमानमा कायम गरी रु २४,१६,३९२ को लागत अनुमान तयार गरेको देखियो। कानूनमा भएको सवै व्यवस्थाको पालना गरी लागत अनुमान तयार गरी खरिद गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.२ **धरौटी कट्टी** - पालिकाले खरिद सम्झौतामा उल्लेखित सवै व्यवस्थाको पालना गर्नुपर्दछ। पालिका तथा हिलटेक प्लास्टिक विच होम पाईप खरिदका लागि भएको ठेक्का नं ०२- २०७९।८० को सम्झौताको शर्त जिसिसि १५।३ मा आपुर्तकलाई रकम भुक्तानी गर्दा ५ प्रतिशतले हुने धरौटी कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तथापी कार्यालये गोश्वार भौचर नं १७१, २०८०।३।१९ मा रु.२३,९४,४५७।८०

भुक्तानी गर्दा कट्टा गर्नुपर्ने धरौटी रु.१,०५,९५० कट्टा नगरी भुक्तानी गरेको देखिएकोले सम्झौता अनुसार कट्टा नगरी भुक्तानी गरेको धरौटी रकम धरौटी खातामा दाखिला गर्नुपर्ने देखिएको रु.१,०५,९५०

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,९५० |

५३.३ **निरीक्षण परीक्षण तथा मौज्दात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ वमोजिम खरिद भएका मालसामान प्राविधिक जनशक्तीवाट निरीक्षण तथा परीक्षण गराई स्विकार गर्नुपर्ने जसकालागि कार्यालय प्रमुखले ३ सद्स्यीय समिति वनाउने उल्लेख छ । तथा हिलटेक प्लास्टिक विच होम पाईप खरिदका लागि भएको ठेक्का नं.०२-२०७९।८० वमोजिम आपुर्ति भएका होमपाईप खरिद गरी रु.२३,९४,४५७।८० भुक्तानी गरेकोमा कार्यालयले आपुर्तिकर्ता कम्पनीको क्याटलगका आधारमा परिक्षण प्रतिवेदन तयार गरेको छ। आर्थिक वर्षको अन्त्यमा आवश्यक्ताको पहिचान नगरी खरिद गरेको पाईप हालस्म मौज्दातमा रहेको देखियो। खरिद कार्य गर्दा आवश्यकताका आधारमा कानुनको पालना गरी खरिद गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामकोलागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्तावगर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न १० पदमा ७९ जना कर्मचारीहरु करारमा राखि रु.१,७८,२४,९६६।७७खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको दफा ८३ (८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पदवाहेक मेडिकल अधिकृत १, इन्जिनियर १, सव इन्जिनियर २ लगायत विभिन्न ७ पदमा १३ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३१,१४,४६० भुक्तानी गरेकोले अनियमित देखिएको रु.३११४४६०

| | |
|---|---|
| अनियमित भएको | ३१,१४,४६० |

५५ **अन्य कार्यालयको खर्च** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७७ ले कार्यालय प्रमुखले बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले आफ्नो छुट्टै बजेट व्यवस्थापन भएका विभाग तथा मन्त्रालयले खरिद गरेका सामानको समेत खर्च मितव्ययी र प्रभावकारी भएको देखिएन । कार्यालयमा यस्तो प्रकृतीको खर्चले थप व्ययभार परेको रु.१३,४९,६००

| क स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| १ | शसस्त्र प्रहरी सक्रान्ती वेश क्याम्प | गोलघर तथा सेन्ट्री पोष्ट निर्माण | ४७१६०० |

| | | | |
|---|---|---|---|
| २ | इलाका प्रहरी कार्यालय | गेट निर्माण | ४८५००० |
| ३ | शसस्त्र प्रहरी सक्रान्ती वेश क्याम्प | डेक्स वेन्च खरिद | ५०००० |
| ४ | इलाका प्रहरी कार्यालय | कार्यालय घेरावारा | १४३००० |
| ५ | इलाका प्रहरी कार्यालय | फर्निचर व्यवस्थापन | २००००० |
| **जम्मा** | | | **१३४९६००** |

| | |
|---|---|
| अनियमित भएको | १३,४९,६०० |

५६ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो ।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो भौ न मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ७५ २०८०।२।३ | खम्वुधारा खानेपानी टंकी निर्माण उस | खानेपानी टंकी निर्माण | ५७०४५० |
| १३५ २०८०।३।१० | वडा कार्यालय भवन निर्माण उस | वडा नं ६ कार्यालय भवन | १५४४२९६ |
| १६५ २०८०।३।१७ | वडा कार्यालय भवन निर्माण उस | वडा नं ४ कार्यालय भवन | ११६७७९४ |
| १७० २०८०।३।१९ | वहुजातीय संग्राहलय निर्माण उस | भवन निर्माण | १९३२१३५ |
| २१६ २०८०।३।२४ | विपि स्मृती भवन निर्माण | भवन निर्माण | १९१७२१५ |
| २१५ २०८०।३।२४ | सक्रान्तिवजार खानेपानी व्यवस्थापन उस | खानेपानी टंकी निर्माण | ३८४१४१३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७ **वोलपत्र मुल्याङ्कन तथा सम्झौता** - सार्वजनिक खरिद नियमावलीको नियम १४७ मा खरिद ऐनको दफा ७१ बमोजिमको मूल्याङ्कन समितिको गठन गर्दा विषयसँग सम्बन्धित प्राविधिक विशेषज्ञ (सम्भव भएसम्म अधिकृतस्तर) सदस्य राख्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायमा त्यस्तो विशेषज्ञ नभएम वा आवश्यक परेमा मूल्याङ्कन समितिले सार्वजनिक निकायका प्रमुखको स्वीकृति लिई सरकारी वा गैर सरकारी क्षेत्रका विषय विशेषज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न साथै परामर्शदाताको सहयोग आवश्यक भएमा नियमावलीको कार्यविधि अपनाई परामर्शदाता नियुक्त गरी दिन सक्ने उल्लेख छ ।कार्यालयले हाइड्रोलिक एक्साभेटर विथ ब्रेकर पावर नट लेसदेन १४५ एचपी खरिदका लागि आव्हान गरेको सुचना अनुसार दाखिला भएका वोलपत्रको मुल्याङ्कन गर्न त्यस्तो कार्यको प्राविधिक विशेषज्ञ समावेश गरेको देखिएन। बोलपत्र मुल्याङ्कन समितिले पेश भएका ४ वटा वोलपत्र मध्ये ३ वटा प्राविधिक रुपमा अनुतिर्ण गरेको भनि वित्तिय मुल्याङ्कनमा समावेश गरेको देखिएन। तथापी वोलपत्र सम्वन्धि कागजात परीक्षण गर्दा न्युनतम अङ्क रु.१,१५,२४,८५० कवोल गर्ने कन्सट्रक्सन सोलुसन प्रालीलाई प्राविधिक रुपमा अनुतिर्ण गर्ने आधारको रुपमा ENGINE DISPLACEMENT ६.६ LTR नपुगेको भनि ५८०० सिसि इन्जिन डिस्प्लेसमेन्ट उल्लेख गरेको वोलपत्र मुल्याङ्कनमा समावेश गरेको देखिएन।उक्त आपुर्तकले आपुर्ति गर्न चाहेको एक्साभेटरको मोडल र क्याटलग सहित पेश गरेको,उक्त एक्जाभेटरको इन्जिन क्षमता १४८ एचपी भएको देखिएकोले लेटर अफ प्राइस विडमा मोडल खुलाई पेश गरेको देखिएकाले प्राविधिक स्पेशिफिकेशनमा अनुतिर्ण हुनुको स्पष्ट कारण वेगर वित्तिय मुल्याङ्कनमा समावेश नगरीनु नियम सम्मत देखिएन। कार्यालयले ४ वटा वोलपत्र दाखिला गरेकोमा सवैभन्दा वढि कवोल गर्ने कन्टिनेन्टल ट्रेडीङ इन्टरप्राइजको रु.१,४३,९०,०००।०० वोलपत्र स्विकृत गरी भुक्तानी गरेको देखिएकोले सार्वजनिक निकायलाई थप व्ययभार परेको अवस्था छ । यसरी प्रस्ट कारण वेगर न्युनतम कवोल गर्ने आपुर्तकलाई अनुतिर्ण गर्दा थप व्ययभार पर्न गएको रु.२८,६५,१५०

| | |
|---|---|
| अनियमित भएको | २८,६५,१५० |

५८ **पाईप खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (९क) वमोजिम मा सिलवन्दी दरभाउपत्रवाट खरिद गर्दा पहिलो पटकको सुचना वमोजिम पेश भएका दरभाउपत्र मध्ये न्युनतम तीनवटा

दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही भएको अवस्थामा मात्र सबैभन्दा कम कवोल गर्ने दरभाउपत्र स्विकृतका लागि मुल्याङ्कन समितिले छनौट गर्नुपर्ने उल्लेख छ । पालिकाले गतवर्ष ठेक्का नं SQ/G/०३/२०७८/७९ मार्फत विभिन्न साईजका पाइप आपुर्तिका लागि आपुर्तक आजको कन्सट्रक्सन एण्ड सप्लायर्सको दरभाउपत्र स्विकृत गरेकोमा नियमावली वमोजिम अन्य २ दरभाउपत्रहरु लागत अनुमान भन्दा वढि कवोल गरेको देखियो। नियमावलीमा भएको व्यवस्था विपरीत ३ वटै दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही नभएको अवस्थामा समेत मुल्याङ्कन समितिले उक्त आपुर्तकलाई सम्झौताको लागि सिफारीस गरी सम्झौता गरेको देखियो। यो बर्ष उक्त सम्झौता वमोजिम सामाग्री आपुर्ती गरी रु.१९,६१,४३० भुक्तानी भएको छ। उल्लेखित पाइप प्रयोगको प्राविधिक प्रतिवेदन तथा भरपाई समेत संलग्न नगरेको देखिएकाले उल्लेखित प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने देखिएको रु.१९,६१,४३०

| | |
|---|---|
| अनियमित भएको | १९,६१,४३० |

५९ **प्राविधिक मुल्याङ्कन -** १०१, २०८०।२।२१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो बर्ष ह्वाकु विष्णु प्रसाद विष्टको घरछेउ पहिरो नियन्त्रण कार्यको लागि ग्यावियन जालीको कार्य गरी कुल रु.२,१९,९१० को प्राविधिक मुल्याङ्कन गरी उपभोक्ता समितिलाई रु.१,९०,७६८ मात्र भुक्तानी गरेको देखिन्छ । अन्तिम प्राविधिक मुल्याङ्कनमा ग्यावियन जालीमा ढुङ्गा भर्ने कार्यको लागि कुल ६५.५ घनमिटर कार्य गरेको नापी कितामा समावेश गरेकोमा उपभोक्ता समितिले ५२।५ घनमिटर जाली खरिद गरी लगाएको देखिन्छ। यसरी उपभोक्ता समितिले गरेको वास्तविक कार्य भन्दा वढी मुल्याङ्कन भएको १३ घनमिटरको प्रतिघन मिटर रु.२,८१८।९२ का दरले वढि भुक्तानी भएको रु.३६,६३८ असुल गर्नुपर्ने रु.३६,६३८

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,६३८ |

६० **१५ शैय्या अस्पताल निर्माण -** गाउँपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैया अस्पताल निर्माणका लागि रू. २४,७०,७३,३७८।०७ लागत अनुमान भएको योजनाको बोलपत्रको माध्यमबाट डाँफे कन्स्ट्रशन कम्पनी प्रा. लि.सँग रू.१६,००,००,१०३।७० (मू.अ.कर समेत) मिति २०७९।८।९ मा सम्झौता भएको र २०८०।८।२५ सम्म निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

६०.१ **कार्य प्रगति -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८०।८।२५ मा सम्पन्न गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायिले लेखापरीक्षण अवधिसम्म करिव ८५ प्रतिशत भन्दा वढि समयावधि समाप्त भैसक्दा समेत निर्माण कार्य गरी

विल पेश गरेको छैन। निर्माण कार्य शुरु सम्झौता अवधि समाप्त हुनै लाग्दा समेत शुन्य वित्तीय प्रगति तथा करिव ८ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। निर्माण व्यवसायिले सम्झौताका वखत पेश गरेको निर्माण कार्यतालिका वमोजिम निर्माण कार्य नगर्दा समेत कार्यालयवाट कुनै पत्राचार समेत भएको देखिदैन। भुक्तानीका लागि वजेटको व्यवस्थापन गरी सम्झौताको अवधिमा निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.२ **मोविलाइजेशन पेश्कीको प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२क को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने व्यवस्था छ साथै यस नियम वमोजिम दिएको पेश्की रकम जम्मा भएको वैङ्क खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायिले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले सम्झौतामा उल्लेखित व्यवस्था अनुसार सम्झौता भए पश्चात ५ प्रतिशत तथा १० प्रतिशत भौतिक प्रगति भए पश्चात वाँकी ५ प्रतिशत मोविलाईजेशन पेश्की उपलब्ध गराउनुपर्नेमा गतबर्ष एकमुष्ठ रु१,६०,००,०००।०० पेश्की उपलब्ध गराएको देखियो। सो मोविलाईजेशन पेश्कीको प्रयोगका सम्वन्धमा निर्माण व्यवसायिले वैङ्कको विवरण तथा खर्चको हिसाव पेश गरेको छैन। निर्माण व्यवसायिले हालसम्म मोविलाइजेशन पेश्की रकम वरावरको भौतिक कार्य समेत गरेको नदेखिएकोले कानूनमा भएको व्यवस्था वमोजिम पेश्की असुल फस्यौंट गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.३ **पेश्की जोखिम-** सार्वजनिक खरिद नियमवली २०६४ को नियम ११३(३) मा पेश्की दिदा वाणिज्य बैंङ्कको जमान्त पेश गर्नु पर्ने र वैङ्क जमानत को मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा वढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ। पालिकाले १५ शैया अस्पताल निर्माणका लागि निर्माण व्यवसायी डाँफे कन्स्ट्रशन कम्पनी प्रालीलाई दिएको रु.१ करोड ६० लाख पेश्की फस्यौंट गर्न वाँकी रहेको छ ।पालिकाले पेश्की भुक्तानी गर्दा देहाय वमोजिमका जमानतवाट पेश्की दिएको र जमानतको म्याद समाप्त भैसकेको देखिएकाले खरिद नियमावली तथा सम्झौता वमोजमिम पेश्की फस्यौंट अवधि सम्मको म्याद थप भएको प्रमाण पेश गर्नुपर्ने रु.७०,५०,०००

| जमानत नं | वैङ्कको नाम | जमानत रकम | म्याद अवधि |
|---|---|---|---|
| NB:PB:AP५६७६८/२१ | नेपाल वङ्गलादेश वैङ्क | ७०५०००० | २०२३ मार्च २१ |

| प्रमाण पेश नगरेको | ७०,५०,००० |
|---|---|

६०.४ **भवनको स्थलगत अनुगमन -** निर्माण कार्यस्थलको स्थलगत अनुगमन गर्दा हाल निर्माण व्यवसायि साइटमा मोविलाइज भएतापनी निर्माण स्थलमा पर्याप्त निर्माण सामाग्रि समेत रहेको देखिदैन। २ वटा व्लकको फाउण्डेसनमा आंशिक ढलाई गरेको, कोलमको लागि डण्डी उभ्याएको, फुटीङ्गमा आंशिक रुपमा मात्र ढलाई गरेको ,डण्डी लामो समयसम्म ढलाई नगर्दा गुणस्तरमा ह्रास आएको साथै निर्माण स्थलको पुर्वपट्टिको भित्तावाट पहिरो गई एउटा व्लकको एउटा कोठा चौडाई सम्म माटोले पुरेको अवस्था देखिन्छ। सो झरेको माटोको रोकथामका लागि सम्झौताको विओक्युमा समावेश नभएकोले थप व्ययभार समेत पर्न जाने अवस्था छ। निर्माण कार्यमा आएका उल्लेखित समस्याहरुलाई समाधान गर्दै सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

अस्पतालको स्थलगत अनुगमन गर्दा भवन निर्माणको हालको अवस्था देहाय अनुसार रहेको छ ।




निर्माणाधिन भवनको माथिवाट पहिरो गएको



निर्माणाधिन भवनको कोलम र फुटिङ्गको कार्य

| सैद्धान्तिक बेरुजु |
|---|

६१ **वढि भुक्तानी** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले कोयाखोला देखी गौरीगाउँ घुमाउने चौतारा सडक सोलिङ्ग निर्माण कार्यको रु.६,५१,५२३ प्राविधिक मुल्याङ्कन गरी रु. ५,६९,८९८ भुक्तानी गरेको देखिन्छ प्राविधिक मुल्याङ्कनमा सोलिङ्ग कार्यम देहाय वमोजिम जोडजम्मा फरक पर्न गई ५०.१६ घनमिटरको प्रतिघनमिटर रु.३,२६३।३३ का दरले रु.१,६३,६८८ वढि मुल्याङ्कन गरेको देखिन्छ। यसरी वास्तविक कार्य भन्दा जोडजम्म फरक परी वढि भुक्तानी भएको रकम मध्ये उपभोक्ताको अंश १० प्रतिशत कट्टा गरी वाँकी रु.१,४७,३२० असुल गर्नुपर्ने रु.१,४७,३२०

| सिन | आइटम | नापी किताबमा समावेश भएको परिमाण | वास्तविक परिमाण | मुल्याङ्कन दर | वढि मुल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | स्टोन सोलीङ्ग | १९९.६५ | (३०२*३.३*.१५) १४९ . ४९ | ३२६३.३३ | १, ६३ , ६८९ |

| असुल गर्नुपर्ने | १,४७,३२० |
|---|---|

६२ **मूल्य अभिवृद्धि कर कट्टी** - मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर गाउँपालिकाले देहाय वमोजिमको सम्झौताको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.४१,४२१।६० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.४१,४२१।६०

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|
| ९ २०७९।१०।२० | काईनाइट इन्टरप्राइजेज प्राली | ३५३९०० | ४७००७ | १४१०२।१० |
| ११६ २०८०।३।४ | गोल्डेन ट्रेड एण्ड सप्लायर्स | ७००५०० | ९१०६५ | २७३१९।५० |
| | **जम्मा** | | | ४१४२१।६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,४२१.६ |

६३ **वढि भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायि नियमावली २०७७ को नियम ३९ अनुसार कुनै पनि भुक्तानी दिदा रितपूर्वक बिल भर्पाई चेक जाँच गर्नुपर्ने ब्यवस्था छ।गाउँपालिकाले यो बर्ष वडा नं ६ मा कवर्ड हल निर्माण कार्यको अन्तिम प्राविधिक मुल्याङ्कनमा कुल रु.२१,२२,९४८।५७ मुल्याङ्कन गरी सम्झौता अनुसार उपभोक्ताको अंश कट्टा गरी रु १९,४०,००० भुक्तानी गर्नुपर्नेमा कन्टिजेन्सी वापतको रु ६०,००० समेत उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएकोले वढि भुक्तानी भएको रु.६०,००० असुल गरी प्रदेश संचितकोष दाखिला गर्नुपर्ने रु.६०,०००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

६४ **उपभोक्ताको काम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ।साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवा मामितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका,आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ।उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन।सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रम मुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ।

उपभोक्ता समितिले हेभि इक्वीपमेन्टको प्रयोग गरेर निर्माण गरेका कार्यका केही उदाहरण अनुसुचीमा संलग्न रहेको छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६५ **वितरणमूखि खर्च** - सार्वजनिक निकायले सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नु पर्दछ। नमुना छनौटका आधारमा परीक्षण गर्दा पालिकाले देहाय बमोजिम त्रिपाल पाइप लगायतका सामान खरिद गरी वितरणमुखी अनुत्पादक प्रयोजनमा रु.३७,९४,७६१ खर्च गरेको छ। पालिकाले सामान वितरण गर्दा लाभग्राही छनौटको आधार तयार नगरेको, खरिद गरिएका सामान वितरण नगरी मौज्दात राखेको एवं वितरित सामानको उपयोग सम्बन्धमा अनुगमन समेत गरेको पाइएन। अतः पालिकाले लाभग्राही छनौटको आधार, वितरण गरेको भरपाई एवं वितरित सामानको उपयोगस्थितीको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ। पालिकाले वितरणमूखी कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्ने देखिन्छ ।

| भौ. नं . र मिति | विवरण | आपुर्तिकर्ता | खरिद परिभाण | खर्च रकम |
|---|---|---|---|---|
| ६ २०७९।९।४ | त्रिपाल खरिद वितरण | अम्वे सप्लायर्स एण्ड ट्रेडर्स | ५८ थान | २९४९३० |
| २८ २०७९।११।१९ | त्रिपाल खरिद तथा वितरण | शिव शंकर प्लास्टिक | २५ थान | ७९९४७ |
| ४६ २०७९।१२।२८ | पाइप खरिद तथा वितरण | ॐ साई पाथिभरा सप्लायर्स | ५४६ केजी | १९६४६९ |
| ५८ २०८०।१।१० | हिल ट्याङ्की वितरण | ॐ साई पाथिभरा सप्लायर्स | ९ थान | ४८९५० |
| ४७ २०७९।१२।२८ | किटनाशक औषधि वितरण | ॐ साई पाथिभरा सप्लायर्स | ३७५ वोतल | १५०००० |
| २ २०७९।६।१२ | पाईप खरिद तथा वितरण | श्री आजको कन्सट्रक्सन एण्ड सप्लायर्स | | १९६१४३० |
| १०७ २०८०।३।२२ | पाईप खरिद तथा वितरण | गोल्डेन ट्रेड एण्ड सप्लायर्स | १२७५० मिटर | ७९१५६५ |
| ११७ २०८०।३।४ | पाईप खरिद | तिर्थराज ट्रेड कन्सर्न | २००० मिटर | ९७२६५ |

| | | | | |
|---|---|---|---|---|
| २०५<br>२०८०।३।२३ | पाईप खरिद | दिक्षा ट्रेडर्स | ६००० मिटर | १७४२०५ |
| **जम्मा** | | | | **३७,९४ , ७६१** |

| सैद्धान्तिक बेरुजु |
|---|

६६ **जिन्सी आम्दानी** - सार्वजनिक निकायले मालसामानको अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकामा यस बर्ष खरिद गरेको माल सामान जिन्सी खातामा दाखिला गरेको देखिएन। निम्नअनुसारको सामान दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.२,२३,१५०

| मिति | भौ.नं. | भुक्तानी पाउने फर्म/व्यक्ति | खरिद सामाग्री | कैफियत | रकम |
|---|---|---|---|---|---|
| ११/१२/२०७९ | २० | रिद्धिसिद्धि मेडिटेक इन्टरनेशनल | एक्जामिनेसन वेड | आयुर्वेदलाई हस्तानतरण गरेको | २४००० |
| २०८०।१।१२ | ५१ | कालिका आवी | डेक्सवेन्च ७ थान | जिन्सी खातामा दाखिला नगरेको | ८८७५० |
| २०८०।२।१४ | ९४ | जलसिह आवी | टेवुल कुर्सी र अन्य | जिन्सी खातामा दाखिला नगरेको | ८१३०० |
| २०८०।३।१० | १३१ | आरुवोटे आवी | डेक्सवेन्च ११ थान | जिन्सी खातामा दाखिला नगरेको | २९१०० |
| **जम्मा** | | | | | **२२३१५०** |

| प्रमाण पेश नगरेको | २,२३,१५० |
|---|---|

६७ **निर्माण कार्यको विमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक विस लाख रुपैंयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ। यो बर्ष पालिकाले ठेक्का सम्झौता मार्फत खरिद कार्य नमुना परीक्षण गर्दा नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको विमा गरेको देखीएन। नियमावलीमा भएको व्यवस्था वमोजिम तोकीएको भन्दा बढीको निर्माण कार्यको विमा गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| ठेक्का नं | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम (मुअकर समेत | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ROAD ०१/२०७८/७९ | सक्रान्तिवजार व्यवस्थापन | थापा सिन्धुली जेभी | ६, २९ , ५७ , ६२९।०३ | चालु रहेको ठेक्का |

सैद्धान्तिक बेरुजु

६८ **एस्काभेटर खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा दफा ९ मा उल्लेख भएको व्यवस्थाका साथै सम्वन्धित सार्वजनिक निकाय वा जिल्लास्थित अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको लागत, स्थानीय वजारको प्रचलित दरभाउ, अन्य वजारको दरभाउ र आपुर्ति गर्न लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिई लागत अनुमान गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाले एस्काभेटर खरिद कार्यका लागि स्पेशिफिकेशन तयार गरेकोमा सोको लागत अनुमान गर्दा लमसम रु १ करोड ५० लाख उल्लेख गरी स्विकृत गरेको छ। उक्त लागत अनुमानको स्पष्ट आधार प्रमाण लागत अनुमानका साथ समावेश गरेको छैन। त्यसैगरी एक्साभेटरको स्पेशिफिकेशन तयार गर्दा कोमात्सु र कयाड कम्पनीको एस्काभेटरलाई आधार लिई तयार गरेको मनासिव देखिएन । कानूनमा भएको सवै व्यवस्थाको पालना गरी लागत अनुमान तयार गरी खरिद गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **उपभोक्ताको जनसहभागिता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्यको लागि काम वा सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम खुलाई निर्माण कार्य गर्न सक्ने व्यवस्था छ। पालिकामा उपभोक्ता समिति मार्फत सञ्चालन गरेका निर्मण कार्यहरुमा उपभोक्ता समितिको लागत वा जनश्रम सहभागिता कम्तिमा बिस प्रतिशत हुने व्यवस्था पालिकाले गरेको छ। नमूना छनौट गरी परीक्षण गर्दा देहायका कार्यहरुमा उपभोक्ता समिति मार्फत गरी खर्च लेखेकोमा पालिकाले उपभोक्ता समितिलाई बढी भुक्तानी भएको पाइएकोले सो असुल गरी पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.१००८२

| भौचर नं | उपभोक्ता समितिको नाम | निर्माण कार्यको लागत | निर्माण कार्य सम्पन्न | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १४०-०८०/३/११ | घुमाउने चौतारीदेखि मध्यपहाडीसम्म ढल निकास उपभोक्ता समिति ४ | ३५०४५२ | ३३५९६१ | २७१९६० | २६७७७२ | ४१८८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४३-०८०/३/११ | खवासगाउँ खानेपानी टंकी निर्माण उपभोक्ता समिति ६ | २१६०२५ | १८२६३५ | १५७४५५ | १५४९२१ | २५३४ |
| १९०-०८०/३/२२ | झाक्री गुफा मोटरबाटो पक्की नाला निर्माण तथा सोलिङ उपभोक्ता समिनि २ | ११६४२६१ | ९०६९६८ | ७३३८३० | ७३०४७० | ३३६० |
| **जम्मा** | | | | **११६३२४५** | **११५३१६३** | **१००८२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,०८२ |

७० **एम्बुलेन्स मर्मत** - १५१-२०७९।१२।२९ सवारी साधन मर्मत खर्च गर्दा सम्बन्धित चालु खर्च शीर्षकबाट गर्नुपर्दछ। पालिकाको वडा नं २ मा रहेको खाम्लालुङ्ग स्वास्थ्य चौकीलाई भारतीय राजदुताबासबाट प्राप्त एम्बुलेन्स मर्मत खर्च विभिन्न आयोजना तथा कार्यक्रमहरुसँग साझेदारी बजेट शीर्षकबाट (शिखर कार डेकोरेसन प्रा.लि.लाई) रु.४,३५,३८९ भुक्तानी गरेको पाइयो। यसरी साझेदारी कार्यक्रम पूँजिगत शीर्षकबाट मर्मत खर्च लेखेको अनियमित देखिएको रु.४,३५,३८९

| | |
|---|---|
| अनियमित भएको | ४,३५,३८९ |

७१ **वितरण भरपाइ** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाले तपसिलका सामाग्रीहरु खरिद गरी भुक्तानी गरेकोमा सोको वितरण भर्पाई पेश नभएकोले वितरण भर्पाई पेश हुनुपर्ने रु.१३,४८,६८०

| गोभौनं | विवरण | देखिएको व्यहोरा | भुक्तानी लिने | रकम |
|---|---|---|---|---|
| ३५५-२०८०।०३।२० | त्रिपाल खरिद १०८ थान | १५ वटा मात्र वितरण भएको र<br>बाँकी ९५ वटाको वितरण भर्पाइ पेश हुनुपर्ने | सुजन थापा | ३००००० |
| १७२-२०८०।०१।१७ | विद्यार्थीहरुका लागि सामाग्री | विद्यार्थीले बुझेको भर्पाई पेश हुनुपर्ने | सन्तोष कन्दङवा | ५०००० |

| | | | | |
|---|---|---|---|---|
| १०२-२०७९।१०।२९ | फुटवल भलिवल लगायतका खेलकुद सामाग्रीको वितरण भर्पाई | कार्यालयमा सामाग्री प्राप्त भए पश्चातको भौतिक जाँच प्रतिवेदन पेश, नभएको , खेलकुद सामाग्रीको खर्च तथा वितरणको प्रमाण पेश हुनुपर्ने । | युनिफर्म हाउस | ९९८६८० |
| **जम्मा** | | | | **१३४८६८०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,४८,६८० |

७२ **रसायनिक मल खरिद** - नेपाल सरकार, कृषि मन्त्रालयबाट जारी भएको अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका,२०७७ को बुँदा नं.१४मा प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारबाट अनुदानमा प्राप्त मलको मूल्यमा थप अनुदान दिन नमिल्ने र ढुवानीमा मात्र अनुदान दिन मिल्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष देहायबमोजिमका कार्यक्रमबाट अनुदानमा मल खरिद तथा वितरण गरी रु.२१,५०,०००।– खर्च गरेको छ । उक्त खर्च मध्ये मल खरिदमा युरिया मल प्रतिवोरा रु.८०४ तथा डिएपी मल प्रतिवोरा रु.२२५० का दरले खरीद भएको छ । सहकारी संस्थामार्फत उक्त मल वितरण गरेको देखिएकोले ढुवानी र खरिदमा भुक्तानी दिएको अनुदान मध्ये ढुवानीमा गरेको खर्च वाहेक खरिदमा भुक्तानी गरेको रकम एकीन गरी असुल गरी दाखिला गर्नुपर्नेपर्ने रु.२१,५०,०००

| विवरण | खर्च शीर्षक | विनियोजित रकम | खर्च रकम |
|---|---|---|---|
| वडा नं.१ | १ नं. वडा स्तरीय कृषकहरुलाई युरिया मल खरिद तथा वितरण | ४००००० | ४००००० |
| वडा नं.४ | युरिया मल खरिद | ३५०००० | ३५०००० |
| वडा नं.५ | रसायनिक मल खरिद तथा वितरण | ६००००० | ६००००० |
| वडा नं.६ | कृषक युरिया मल खरिद तथा वितरण | ८००००० | ८००००० |
| **जम्मा** | | **२१५००००** | **२१५००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,५०,००० |

७३ **गाडि भाडा -** गाउँ सभा सदस्यहरुको वैठक भत्ताः गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसूची १ (क) अनुसार उपाध्यक्षले मासिक रुपमा यातायात खर्च रु.१०००० मात्र पाउने व्यवस्था छ । नमुना छनौटका आधारमा परीक्षण गर्दा यो बर्ष गाउँपालिकाले पालिका उपादक्ष्य श्री बलीराज इङ्नामलाई सो सुविधा सम्वन्धि ऐन वमोजिम मासिक रु.१०००० भुक्तानी गरेकोमा पुन उपादक्ष्यको लागि गाडि भाडामा लिई देहाय वमोजिम भुक्तानी गरेको देखियो । ऐनमा भएको व्यवस्था वमोजिम गाडी भाडाको रकम भुक्तानी गरे पश्चात पुन भाडामा लिई खर्च भुक्तानी गरेको मनासिव देखिएन । दोहोरो यातायात सुविधामा खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु. ३,५६,०००

| गोश्वरा भौचर नं मिति | भुक्तानीको विवरण | कुल खर्च | कर वाहेकको भुक्तानी |
|---|---|---|---|
| १६४,२०८०।१।१० | वलिराज इङ्नामले प्रयोग गरेको सवारीसाधन भाडा भुक्तानी श्री प्रकाश ढुङ्गेल | २५६६६ | २३०००।०० |
| ३५, २०७९।८।१८ | वलिराज इङ्नामले प्रयोग गरेको सवारीसाधन भाडा भुक्तानी श्री दिपेश माझी | ३३०००० | २९७०००।०० |
| २२७, २०८०।२।१४ | वलिराज इङ्नामले प्रयोग गरेको सवारीसाधन भाडा भुक्तानी श्री मातृका तामाङ्ग | ४०००० | ३६०००।०० |
| | | ३९५६६६।०० | ३५६००० |
| | | अनियमित भएको | ३,५६,००० |

७४ **इन्टरनेट सपोर्ट शुल्क -** ११-०७९।७।२२ कार्यालयले संघीय तथा पालिका चालू शीर्षकबाट इन्टरनेट सेवा बापत टेकमाइण्ड्स नेटवर्क प्रा.लि.(३०५०५६२५८) लाई रू.६,०३,१२०।- भुक्तानी गरेको छ। उक्त भुक्तानी साथ पेश भएको बीजकमा इन्टरनेट सर्भिस व्याण्डविथ वापत रू.२५४,१५९.२९ र Monitoring and technical support बापत रू.२५४,१५९.२९ (मू.अ.कर बाहेक) भुक्तानी गरेकोमा उक्त monitoring and technical support बापत के कस्तो कार्य गरेको, कसले कहिले भिजिट गरेको र के प्राविधिक सहयोग गरेको भन्ने स्पष्ट आधार र प्रमाण देखिदैन। इन्टरनेट व्याण्डविथ सेवामा नै सपोर्टको रकम समावेश हुनेमा थप सपोर्ट उल्लेख गरी भुक्तानी रू. ३,१८,४२३ (मू.अ. कर समेत) को भुक्तानीको आधार र पुष्ट्याई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.३,१८,४२३

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१८,४२३ |

७५ **आन्तरिक लेखापरीक्षण** -

.......... मिति **२०८०-१२-८** को निर्णयानुसार असुल भई **७०२८४३** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

७६ **मेला तथा खेलकुद खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। सोही दफाको उपदफा ३ मा गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । ऐनमा भएको व्यवस्था विपरित प्रस्तावना माग, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न कर्मचारी पेश्की मार्फत वा सोझै व्यक्ति तथा संस्थालाई अनुदान दिने कार्य भएको देखिएकोले स्रोत साधनको समुचित उपयोग नभएको देखिन्छ। मदन मेला संचालनमा रु.१४,००,००० खर्च लेखेको छ। उक्त खर्च मध्ये रु.१,८१,१३० खाना, चिया, खाजामा खर्च भएको पाइयो। साथै मेला संचालन गर्ने कार्य कर्मचारी मार्फत गरेको पाइयो। जिन्सी शाखामा कार्यरत कर्मचारीले कार्यालयको नियमित कार्य अन्तरगत पर्ने जिन्सी व्यवस्थापनको कार्यलाई छोडी मेला संचालनको जिम्मा दिदा कार्यालयको सेवा प्रवाहमा असर पर्ने देखियो। आन्तरिक श्रोत साधनलाई समेत ध्यान दिई समुचित उपयोग गर्दै खर्चमा मितव्ययिता अपनाउनु पर्दछ। केही उदाहरणहरू

| गो.भौ.नं.-मिति | खर्च शीर्षक | खर्चको विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|---|
| २९४-२०८०।०३।१२ | रामनवमी मेला संचालन ओखरबोटे | रामनवमी मेला | सन्तोष कन्दङवा | ४९२५० |
| २९७-२०८०।०३।१३ | श्रीपञ्चमी मेला संचालन टुडिखेल | श्रीपञ्चमी मेला | सन्तोष कन्दङवा | ५०००० |
| २९८-२०८०।०३।१४ | माघे मेला संचालन होडा | माघे मेला | सन्तोष कन्दङवा | ४९१८५ |
| ३८५-२०८०।०३।२२ | भूमिराज मेला खेल संचालन | भूमिराज मेला | भूमिराज मेला खेलकुद समिति | २००००० |
| ४५२-२०८०।०३।२४ | मदन मेला संचालन | मदन मेला | खगिन्द्र तिम्सिना | १०००००० |
| ४५३-२०८०।०३।२४ | विभिन्न आयोजना तथा कार्यक्रमहरुसँग साझेदारी | | खगिन्द्र तिम्सिना | ४००००० |

| | | | | |
|---|---|---|---|---|
| कूल मेला खर्च | | | | १७४८४३५ |
| ३७-२०७९।०८।१९ | कार्यक्रम खर्च गत वर्षको भुक्तानी बाँकी | गत वर्षको भुमिराज मेला संचालन | भूमिराज मेला खेलकुद समिति | ३२५००० |
| ११२-२०७९।११।१४ | गजेन्द्र ईश्वो स्मृती रनिङकप खेलकुद संचालन/खेलकुद विकास कार्यक्रम | गजेन्द्र ईश्वो स्मृती रनिङकप खेलकुद | खेलकुद विकास समिति खाम्लालुङ | ९३५००० |
| १२०-२०७९।११।२९ | जोरधारा फलाटे खेदकुद कार्यक्रम/आयोजना तथा कार्यक्रमहरुसँग साझेदारी | खेलकुद कार्यक्रम संचालन | जोरधारा फला टे खेलकुद कार्यक्रम | २००००० |
| २२४-२०८०।०२।११ | विभिन्न आयोजना तथा कार्यक्रमहरुको लागि साझेदारी | खेलकुद कार्यक्रम तथा सामाग्री वितरण | रामचन्द्र खत्री | ९७५६० |
| **कूल खेलकुद खर्च** | | | | **१५५७५६०** |

सैद्धान्तिक बेरुजु

७७ **संघ संस्था अनुदान** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने , योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्ने व्यवस्था गरेको छ। ऐनमा भएको व्यवस्था विपरित प्रस्तावना माग, लागत साझेदारी, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न कर्मचारी पेश्की भुक्तानी तथा सोझै व्यक्ति र संस्थालाई अनुदान दिने कार्य भएको देखिएकोले स्रोत साधनको समुचित उपयोग नभएको देखिन्छ। यसरी नाफामुलक तथा आफ्नै वजेट व्यवस्था भएका निकायलाई भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| गोश्वरा भौचर नं र मिति | विवरण | खर्च शीर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|---|
| १८।०६।२७ | मौलो पुजाका लागि इलाका प्रहरी | विविध | योगराज सुवेदी र हरि सिंह विष्ट | ७०७०० |

| | | | | |
|---|---|---|---|---|
| | कार्यालय संक्रान्ति बजार र शसस्त्र प्रहरी बेस क्याम्प | | | |
| २०।०७।०२ | प्रहरी र नेपाली सेना | इन्धन | पुनम स्टोर्स | ६९६५० |
| १०३।११।१० | इलाका प्रहरी कार्यालयलाई टी टेवल, डायनिङ टेवलको खर्च उपलब्ध गराएको | इलाका प्रहरी कार्यालय सामाग्री खरिद तथा व्यवस्थापन | हरि कुमार पौडेल | ३०००० |
| १४१।१२।०८ | इलाका प्रशासन कार्यालय व्यवस्थापनका लागि | इलाका प्रशासन कार्यालय व्यवस्थापन | इलाका प्रशासन कार्यालय व्यवस्थापन | ४८३८७० |
| १५५।०१।०५ | छाते ढुंगा प्रहरी चौकी व्यवस्थापनका लागि | छाते ढुंगा प्रहरी चौकी व्यवस्थापन | सन्तोष कन्दङ्वा वडा सचिव ५ नं वडा | २०००० |
| २३७।०२।२१ | ईलाका प्रहरी कार्यालयको प्रहरी भ्यान मर्मत | सवारी साधन मर्मत | श्री पाथिभरा अट्व् मोटिप्स | ४२०८० |
| २६८।०३।०५ र २७४।०३।०५ | रेडियो आठराई १०१. २ मेघाहर्जलाई रिभोल्भिङ चियर र टेवल सामाग्री तथा व्याट्री खरिद वापत | सामुदायिक रेडियो आठराई | रेडियो आठराई १०१. २ मेघाहर्ज | २००००० |
| २८४।०३।०८ | नेपाल रेडक्रस सोसाइटी उपशाखा छातेढुङ्गा कार्यालय व्यवस्थापनका लागि | नेपाल रेडक्रस सोसाइटी उपशाखा छातेढुङ्गा कार्यालय व्यवस्थापन | नेपाल रेडक्रस सोसाइटी उपशाखा | ४६७०५५ |
| **जम्मा** | | | | **१३८३३५५** |

| | |
|---|---|
| अनियमित भएको | १३,८३,३५५ |

७८ **खाता रोक्का -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो बर्ष देहाय वमोजिमका योजनाहरुमा प्राविधिक मुल्याङ्कन, योजना अनुगमन समेत गरी अनुगमन समितिको सिफारिसमा भुक्तानी गरेकोमा उक्त निर्माण कार्य पुर्ण रुपमा सम्पन्न नगरी देहाय वमोजिमका निर्माणकार्यको लागि समितिको खाता रोक्का राखी वजेट खर्च लेखेको देखियो। निर्माण कार्य पुर्ण रुपमा सम्पन्न नहुदै प्राविधिक मुल्याङ्कन समावेश गरी भुक्तानी गरेकोले सो सम्वन्धमा पालिका जवाफदेही हुनुपर्ने देखिन्छ। खर्च पश्चात् समेत निर्माण कार्य सूचारु गर्नेगरी वजेट खर्च लेखेको नियम सम्मत देखिएन। पालिकाले निर्माण कार्य सम्पन्न भएको तर सानोतिनो त्रुटि सच्याउनुपर्ने अवस्था भएकाले सो सुधार गर्नका लागि खाता रोक्का गरेको जनाएको छ। यस सम्वन्धमा पालिकावाट एकिन गरी वास्तविक कार्य सम्पादनका आधारमा रोक्का राखेको रकम फुकुवा गर्नुपर्ने र वाँकी रकम फिर्ता दाखिला गर्नुपर्ने देखिन्छ।

| सिन | निर्माण कार्य | समिति | रोक्का रकम | रोक्का पत्रको विवरण |
|---|---|---|---|---|
| १ | सामुदायिक भवन निर्माण | पञ्चकन्या महिला सामुदायिक भवन निर्मण उपभोक्ता समिति | ९२५५४२ | ३८८, २०८०।३।२४ |
| २ | पुल निर्माण | खुङ्ग्रिङ खोला पुल निर्माण उपभोक्ता समिति | १५८६२४० | २७२, २०८०।३।२४ |
| ३ | पार्क तथा मन्दिर निर्माण | थगलुङ्ग गाडि पार्क तथा मन्दीर निर्माण उपभोक्ता समिति | ६१४५३४ | ३९२, २०८०।३।२४ |
| ४ | मर्मत तथा रंगरोगन | मर्मत तथा रङ्गरोगन उपभोक्ता समिति | ९३१४६५ | ३७१, २०८०।३।२४ |
| ५ | विधालय भौतिक निर्माण | श्री नृसिह आधारभुत विद्यालय | १६३६९४० | ३५८, २०८०।३।२४ |
| ६ | विधालय भौतिक निर्माण | श्री भानु आधारभुत विद्यालय | ३२३९२०५ | ३८७, २०८०।३।२४ |
| ७ | कवर्ड हल निर्माण | कवड हल निर्माण आगापा ६ उस | १२८४६५३ | ३८४, २०८०।३।२४ |
| **जम्मा** | | | **१,०२ ,१८ , ५७९** | |

सैद्धान्तिक बेरुजु

७९ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा पुस्तिकाको आधारमा

अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली पालना गरी तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ३ बर्थिङ सेन्टरमा यस वर्ष १११ थान को रु.९९,८४२ खरिद गरेकोमा यस वर्ष ३१ मात्र प्रसुति भएको पालिकाले उपलब्ध गराएको विवरणबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ६९ थान रु.६२,०६३ बराबरको न्यानो झोला मौज्दातमा रहेका देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको पाइएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८० **अनुगमन भत्ता** - गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षको रु.१००००/-, उपाध्यक्षको रु.१००००/-, वडाध्यक्षको रु.४०००/- र कार्यपालिका सदस्यको रु.२०००/- मासिक अनुगमन भत्ताको व्यवस्था छ । उक्त अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा मासिक अनुगमन प्रतिवेदन वेगार मासिक रुपमा अध्यक्षले रु.१००००, उपाध्यक्षले रु.१००००, वडाध्यक्षहरुले रु.४००० र कार्यपालिका सदस्यहरुले रु.२००० गरी जम्मा वार्षिक अनुगमन भत्ता रु.७२०००० लिएको देखिन्छ । अनुगमन प्रतिवेदन पेश गरेर मात्र अनुगमन भत्ता भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८१ **राजस्व दाखिला** - सार्वजनिक निमायले संकलन गरेको राजस्व नियमानुसार समयमै राजस्व दाखिला गर्नुपर्दछ। पालिकाले प्रयोगमा ल्याएको राजस्व संकलन सफ्टवेयर प्रणाली अनुसार ४ नं. वडा कार्यालयले असुल गरेको राजश्व मध्ये दाखिला गर्न बाँकी रू.४४०० स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.४४००

| असुल गर्नुपर्ने | ४,४०० |
|---|---|

८२ **बढी भुक्तानी** - ११७-०८०।३।१० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम, ३९(१०) मा सरकारी रकम खर्च गर्दन खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गारई राख्नु पर्ने व्यवस्था छ। पालिका स्तरीय पोषण कार्यक्रम वार्षिक समिक्षा २०८०।२८ र २९ मा संचलन भएकोमा देहायका सहभागीहरुलाई भत्ता भुक्तानी गरेको भरपाई पेश नभएकोले वितरणको भरपाई पेश गर्नुपर्ने रु.३६५५

| **क्र सं** | **सहभागीको नाम** | **रकम** |
|---|---|---|
| १ | तुलसा कन्दङवा | १७०० |
| २ | मेनुका लिम्बु | १७०० |

| | | |
|---|---|---|
| ३ | सरिता देवी दुलाल | २५५ |
| **जम्मा** | | **३६५५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६५५ |

८३ **बढी भुक्तानी –**

........... मिति **२०८०-१२-८** को निर्णयानुसार असुल भई **२०००** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

८४ **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रूपैयाँसम्मको औषधिजन्य मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले सिलवन्दी दरभाउपत्रबाट अधिकारी मेडिकल हल झापाबाट रू२४,४६,३२५ को औषधी खरिद गरेको छ। यस सम्वन्धमा अन्य निम्न व्यहोरा देखिएका छन्

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल प्राप्त भए पछि समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए वा नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । Post Delivery Inspection Report तयार नगरेको,

• औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,

• औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनुपर्ने एकमुष्ट घटाउने गरेको छ। तसर्थ, औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरूको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८५ **नियमित खोप सञ्चालन तथा गाउँघर क्लिनिक सञ्चालन भत्ता** - १२५-०८०।३।१३ स्थानीय तहलाई सशर्त कार्यक्रम सञ्चालनको लागि प्राप्त बजेट खर्च गर्दा कार्यक्रम सञ्चालन निर्देशिका अनुसार गर्नुपर्दछ। पालिकाले सशर्त शीर्षक नं २२५२२ मा प्राप्त बजेटबाट नियमित खोप सञ्चालन तथा गाउँघर क्लिनिक सञ्चालन वापत स्वस्थ्यकर्मीहरुलाई भत्ता भुक्तानी गरेको छ। कार्यक्रम सञ्चालन गरी भत्ता भुक्तानी गरेकोमा सोको प्रष्ट कार्यविधि वा निर्देशिका पेश भएन। अतः कार्यक्रमको खर्चको कार्यविधि पेश गर्नुपर्ने तथा भत्ता भुक्तानी गर्दा कर कट्टी कम गरेकोले पाइएकोले देहायका स्वास्थ्यकर्मीहरुबाट कर कट्टी गरी दाखिला गर्नुपर्ने रु.

| क्र. सं . | पद तथा नाम थर | सञ्चालन गरेको महिना | मासिक दर | जम्मा | कर कट्टी हुनुपर्ने | कर कट्टी भएको | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | अ.हे.व. सरिता घिसिङ | १२ | २५०० | ३०००० | ४५०० | ३०० | ४२०० |
| २ | सि.अ.हे.व. डम्बर अधिकारी | १२ | २५०० | ३०००० | ४५०० | ३०० | ४२०० |
| **जम्मा** | | | | | | | ८४०० |

**प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. २१०००।- सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४०० |

८६ **निजी लगानिका विद्यालयको छात्रवृत्ती -** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक बालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ।

| विद्यार्थी संख्या | निशुल्क शिक्षाका लागि आरक्षण संख्या |
|---|---|
| ५०० जना सम्म | कम्तिमा १० प्रतिशत |
| ५०० जना देखि ८०० जना सम्म | कम्तिमा १२ प्रतिशत |
| ८०० जना भन्दा बढी | कम्तिमा १५ प्रतिशत |

यस गाउँपालिका क्षेत्रभित्र रहेका २ वटा निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निःशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन। ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८७ **निःशुल्क पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.४.६.१ मा सामुदायकि विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्ने व्यवस्था छ। पालिका भित्र सञ्चालनमा रहेका ६२ सार्वजनिक विद्यालयलाई निःशुल्क पाठ्यपुस्तकको लागि

रु.२७,३८,१११ अनुदान भुक्तानी गरेको पाइयो। निःशुल्क पाठ्यपुस्तक निकासामा देखिएका व्यहोरा निम्न रहेका छन्।

८७.१ **पाठ्यपुस्तकमा बढी निकासा -**

........... मिति **२०८०-१२-८** को निर्णयानुसार असुल भई **४६६५** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

८७.२ **पुस्तकको वितरण -** देहायका विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक अनुदान भुक्तानी भएकोमा विद्यार्थीलाई वितरण गरेको कागजात पेश नगरेकोले वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.

| क. सं . | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | मुलपानी आधारभुत विद्यालय | २१७९१ |
| जम्मा | | २१७९१ |

**प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.४६९८ सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,७९१ |

८८ **बुक कर्नर** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.३ मा सामुदायकि विद्यालयमा (कक्षा १ देखि ५ सम्म) शिक्षण शिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापन प्रति विद्यार्थी रु.१५०, रु.२०० र कक्षा ११ र १२ को लागि रु.२५० का का दरले अनुदान वितरण गर्ने व्यवस्था छ। सोही व्यवस्था अनुसार यस वर्ष पालिकामा रहेका ६२ वटा विद्यालयहरुलाई शिक्षण शिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनको लागि रु.८,२५,५५० अनुदान वितरण गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले शिक्षण शिकाई सामाग्री मात्रै खरिद गरेको र अधिकांश विद्यालयले बुक कर्नर निर्माण गरेको पाइएन। आगामी दिनमा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले बुक कर्नर निर्माण सहित शिक्षण सामाग्री मात्रै खरिद गरी खर्च लेख्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८९ **स्यानिटरी प्याड खरिद -** २०२-२०८०/३/२४ कार्याक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यस्थापन सामाग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणले विद्यालय छाड्ने समस्या समाधान गर्न संघीय सरकार मार्फत ससर्त तर्फ स्थानीय तहलाई बजेट विनियोजन हुने गरेको छ। सो कार्यलाई व्यवस्थित गर्न स्वानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार छात्राहरुको लागि खरिद गर्नुपर्ने स्यानिटरी प्याडको स्पेशिफिकेशन

१५(±२) मि मी मोटाइ, २४०(±२०) मिमी लम्बाई र ६५ देखि ७५ मिमी चौडाइको स्यानिटरी प्याड हुनुपर्ने उल्लेख छ। स्थानीय तहबाट खरिद गरिने स्वानिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने कार्यविधिमा उल्लेख छ। गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा स्वानिटरी प्याड रु.९,९९,६९४ को ८४७४ प्याकेट स्वानिटरी प्याड जीत मेडिको फर्मा सुनसरीबाट सोझै खरिद गरी खर्च लेखेको छ। कार्यविधि अनुसारको सिफिकेशन तयार नगरी सोझै प्याड खरिद गरेको तथा Post Delivery Inspectation Report तयार गरेको छैन। तोकिएको स्पेसिफिकेशन तथा मापदण्डको पूर्ण पालना नगरेको र बजेट फ्रिज हुन नदिने मनसायले वर्षान्तमा खरिद गरी पालिकाको भणडारमा मौज्दात राखेको पाइयो। यसबाट पालिकाले मापदण्ड अनुसारको प्याड खरिद गरेको छ भनी एकीन हुन सकिएन। साथै आवश्यकताको आधारमा खरिद गरी वितरण हुनुपर्नेमा सो भएको पाइएन। आगामी दिनमा कार्यविधिको पालिना गरी स्यानिटरी प्याडको खरिद व्यवस्थापन गर्नुपर्दछ। यस आर्थिक वर्ष खरिद गरिएको स्यानेटरी प्याड पालिकामा मौज्दात रहेको पाइएकोले छात्राहरुलाई वितरण गरी सोको प्रमाण पेश हुनुपर्ने रु.९,९९,६९४

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९९,६९४ |

९० **विद्यालयको नियमन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस स्थानीय तह अन्तर्गतका समुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरेनगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुबिधा अनिवार्य रुपमा बैंक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९१ **विज्ञान प्रयोगशाला दखिला** - २०१।०८०।३।२४ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापनाको लागि अनुदान वापत रु.६ लाख ५० हजार भुक्तानी गर्ने उल्लेख छ। सोही व्यवस्था अनुसार शारदा माध्यमिक विद्यालयल ६ आठराईलाई विज्ञान प्रयोगशाला अनुदान रु.६,११,८०० भुक्तानी भएको छ। विद्यालयले विज्ञान प्रयोगशाला स्थापनाको लागि खरिद गरेको सामाग्रीको जिन्सी आम्दानी बाँधेको नपाइएकोले जिन्सी दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.६,११,८००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,११,८०० |

९२ **विद्यालयगत निकासा अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा खाता अद्यावधिक राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

९३ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। गाउँपालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| ६२ | ३३१ | ३३१ | ८१ | ५३१५ |

सैद्धान्तिक बेरुजु

९४ **छात्रवृत्ति बढी भुक्तानी** -

**...........मिति २०८०-१२-८ को निर्णयानुसार असुल भई ४८०० को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको**

९५ **सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐ न, २०७४ को दफा ११(ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसँग रहेको देखिएन। गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

९६ **शैक्षिक प्रतिवेदन** - अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका बालबालिकाको संख्या,

विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका बालबालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ। गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

९७ **पोशाक भुक्तानी –**

**..........** मिति **२०८०-१२-८** को निर्णयानुसार असुल भई **३००००** को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

९८ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर कार्यालयले देहाय वमोजिमको सम्झौताको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.१,००,९९३ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.१,००,९९३

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी रकम** | **मुअकर कर रकम** | **३० प्रतिशत रकम** |
|---|---|---|---|---|
| ४३४-०८०।३।२४ | द समिट इन्जनियरिङ कन्सल्टेन्सी | ९९८९० | ८८४०० | २६५२० |
| ४४१-०८०।३।२४ | हरि ओम इन्जिनियरिङ्ग ग्रुप अफ कम्पनीज प्रा. लि . | १४९८३८० | १७२३८० | ५१७१४ |
| ४४९-०८० ।३।२४ | पाथिभरा परामर्श सेवा केन्द्र | २६४१७८ | ३४३४२ | १०३०२ |
| ४५६-८०। ३।२४ | होटल माउण्टेन एण्ड लज | ३६०९२२ | ४१५२२ | १२४५६.६ |
| **जम्मा** | | | | **१, ०० , ९९३** |

| प्रमाण पेश नगरेको | १,००,९९२.६ |
|---|---|

९९ **खेलकुद कार्यक्रम** - ४५७-२०८०।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र

कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाले फुटबल खेलकुद कार्यक्रमको लागि खाना खाजा खर्च वापत न्यू पाथिभरा होटल एण्ड लजलाई रु.१,३०,००० भुक्तानी दिएको देखिन्छ। फुटबल खेल प्रशिक्षक कालु छिरिङ शेर्पाले २०८०।०३।२२ मा पेश गरेको निवेदन र विल अनुसार गजेन्द्र ईश्वो स्मृती रनिङ कप, अध्यक्ष रनिङ कप तथा मदन मेला खेलकुद कार्यक्रममा खेलाडीहरुलाई खाना नास्ता तथा होटलबास वापतको रकम बुझाएको उल्लेख छ। निवेदनमा उल्लेख भएको सम्पूर्ण खेलकुद कार्यक्रमहरुको खर्चको भुक्तानी प्रत्येक खेलकुद कार्यक्रम शीर्षक खर्च अनुसार भुक्तानी भइसकेको देखिएकोले पुनः सोही खेलकुद कार्यक्रममा थप खर्च उपलब्ध गराउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.१,२८,०२५

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२८,०२५ |

**१०० कृषि तथा पशु क्षेत्रको अनुदान**

१००.१ पालिकाले प्रचलित जिल्लादररेट भन्दा वढि भुक्तानी गर्नेगरी खरिद गर्नु हुदैन। पालिकाले माछाको भुर्रा खरिद गर्दा पालिकाले प्रयोग गर्ने पाँचथर जिल्ला दररेटका आधारमा खरिद गर्नुपर्नेमा वि.एस.वि. कृषि फर्म लाई रकम भुक्तानी गर्दा सो भन्दा देहाय वमोजिम बढी दरले भुक्तानी दिएकोले वढि भुक्तानी रकम असुल गर्नुपर्ने रु.१३७५००

| क्र सं | माछाको प्रजाति | परिमाण | दर | भुक्तानी रकम | हुनुपर्ने भुक्तानी | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | कमन काप | १८० | १२५० | २२५००० | ११२५०० | ११२५०० |
| २ | ग्रास काप | ४० | १४०० | ५६००० | ३१००० | २५००० |
| **जम्मा** | | | | २८१००० | | **१३७५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३७,५०० |

१००.२ पालिकाले चालु तथा संघीय र प्रदेश सरकारबाट हस्तान्तरित चालु कार्यक्रमको नमूना छनौट गरी परीक्षण गर्दा देहायबमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ ।

| क्र सं | कार्यक्रमको नाम | अनुदान प्राप्त गर्न कृषक।सहकारी संस्था | लाभान्वित कृषक घरधुरी | बजेट खर्च |
|---|---|---|---|---|
| १ | सुन्तला कागती प्रवर्द्धन कार्यक्रम | एक कृषक समूह | ३७ | २५००००० |
| २ | अलैंची बाली पकेट विकास कार्यक्रम | दुई कृषक समूह | १२ | ६००००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | नयाँ अलैंची बाली पकेट विकास कार्यक्रम | दुई कृषक समूह | १२ | १२०००००० |
| ४ | ७५ प्रतिशत अनुदानमा मिनिटिलर वितरण | कृषकहरु | १६ | १०००००० |
| ५ | अध्यक्षसँग कृषि कार्यक्रमः बंगुरको पाठापाठी वितरण कार्यक्रम | कृषकहरु | ५८ | ५००००० |
| ६ | अध्यक्षसँग कृषि कार्यक्रमः माछाका भूरा वितरण | कृषकहरु | विभिन्न कृषक | ३००००० |
| ७ | अध्यक्षसँग कृषि कार्यक्रमः अकबरे खुर्सानीको बिरुवा वितरण | कृषकहरु | २४५ | २००००० |
| ८ | तरकारीको बिउ वितरण | कृषकहरु | कृषकहरु | ३००००० |
| ९ | च्याउको बिउ खरिद कार्यक्रम | कृषकहरु | विभिन्न कृषक | २००००० |
| १० | फलफुलको बिउ खरिद कार्यक्रम | कृषकहरु | ४०२ | ५००००० |
| ११ | उन्नत जातको बोयर बोका खरिद तथा वितरण कार्यक्रम | १० वटा कृषक फर्म तथा समूल | १० | ५००००० |
| १२ | ५० प्रतिशत अनुदानमा गोठ सुधार कार्यक्रम | आठराई तमोर कृषिक समूह | १५ | १५०००००० |
| १३ | ७५ प्रतिशत बाख्रा खोर निर्माण कार्यक्रम | ५ वटा कृषि फर्म | ५ | २५०००००० |
| १४ | बोयर बोका खरिद तथा वितरण | विभिन्न कृषक तथा कृषि फर्म | | ४५२८४१ |
| १५ | बंगुरका पाठापाठी कार्यक्रम | विभिन्न कृषक तथा कृषि फर्म | | ४८७१०० |
| **जम्मा** | | | | **१२२८७१००** |

• अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

• अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

• अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकीन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भई अनुदानको सही सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।

सैद्धान्तिक बेरुजु

१००.३ ४१७-२०८०।०३।२३ माछाको भूरा खरिद तथा वितरण कार्यक्रम खर्च शीर्षकबाट रु. २७३००० को तपशिल अनुसारको माछाको भुरा खरिद वापत वि.एस.वि.कृषि फर्मलाई भुक्तानी दिएको छ। वि.एस.वि.कृषि फर्म,ओसाङलुङ कृषि फर्म र ज्योति पशु तथा कृषि फर्मले माछाको भुराको दररेट पेश गर्दा सम्बन्धित कृषि फर्मको लेटरहेडमा दररेट पेश गर्नुपर्नेमा आठराई गाउँपालिकाको २०८०।०२।२४ लेटरहेडमा दररेट पेश गरेकोले उक्त दररेट वास्तविक हो होइन एकिन गर्न सकिएन।

| क्र. सं . | माछाको प्रजाति र अन्य खर्चको विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १ | कमन काप | १८० | १२५० | २२५००० |
| २ | ग्रासकाप | ४० | १४०० | ५६००० |
| ३ | प्याकिङ चार्ज | १६० | ५० | ८००० |
| **जम्मा** | | | | **२८१०००** |

पालिकाले वि.एस.वि. कृषि फर्मले जारी गरेको विजकमा परिमाण र दर महलमा वास्तविक विवरण नभरेको, माछाको परिमाण केजीमा उल्लेख गरेकोले जिल्ला दररेट सँग मिलान गर्न नसकिएको,पोखरी भए नभएको तथा पोखरीको क्षेत्रफल तथा जग्गाको स्वामित्व एकिन नगरी माछा वितरण गरेको, विल अनुसार प्याकिङ १६० वटा भएकोमा वितरण १८० गरेको भर्पाइ पेश भएको जस्ता कैफियत देखिएको छ । साथै अनुदानमा माछाका भुरा प्रदान गरिएका वडा नं.४ वस्ने गणेश ओलीलाई ९८४५७६८६०२ मा सम्पर्क गर्दा निजको वितरण भर्पाईमा २ केजी कमन कार्प र १ केजी ग्रास कार्प भएकोमा निजले १ केजी कमन

कार्प र १ केजी ग्रास कार्प मात्र बुझेको र उक्त माछाहरु पोखरीमा हाले पछि सबै भ्यागुता र सर्पले खाएर सकेको जानकारी गराएकोले सो सम्बन्धमा पालिकावाट अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१०१ **नयाँ अलैंची बाली पकेट कार्यक्रम** -१८४-०८०।३।२३ प्रधानमन्त्री कृषि आधुनिकीकर परियोजना कार्यान्वयन म्यानुअल, २०७७ कार्यक्रम अन्तर्गत अलैचिको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम) सञ्चालन अन्तर्गत पालिकाले नयाँ अलैंची वाली पकेट विकास कार्यक्रम सञ्चालनको लागि राममाया कृषि तथा पशुपालन फर्म वाड नं. ३ सँग २०८०।३।३२७ मा रु.१२,००,०००। अनुदान रकमको सम्झौता भएकोमा भएको छ। जस अनुसार फर्ममा ६ जना कृषले नयाँ अलैंची पकेट कार्यक्रम सञ्चालन गर्ने जसमा पचास प्रतिशत अनुदान र पचास प्रतिशत लागत सहभागिता हुने उल्लेख भएको छ। फर्मले पकेट कार्यक्रम सम्पन्न रु.११,२६,००७ भए पश्चात पालिकाबाट रू.५,२६,००० अनुदान भुक्तानी भएको छ। कृषि फर्मसँग भएको सम्झौता अनुसार ६ जना कृषकले नयाँ अलैंची वाली पकेट कार्यक्रम गरी अनुदान लिनु पर्नेमा कार्य सम्पन्न तथा नापी किताबमा अनुदानको पुरै कार्य भएको देखाएको छ तर फर्म एक कृषक सदस्य दिपेन्द्र सिटौलाले अलैंची पकेट कार्यक्रमको कुनै पनि विरुवा तथा सामाग्री बुझिलिएको देखिएन। कृषकले अनुदान बुझी नलिएको अनुदान समेत खर्च देखाएकोले अनुदानको पचास प्रतिशत बराबरको लागत सहभागिता भयो भनी एकीन गर्न सकिएन। अतःअनुदानको रकम बराबरको लागत सभागिता नभएको भए एकीन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु १,०९,९८९

| सामाग्रीको नाम | खरिद गरेको फर्म | संख्या | दर | रकम |
|---|---|---|---|---|
| अलैंची विरुवा | एकीकृत नमूना कृषि फर्म | ८००० वटा | १२ | ९६००० |
| पाइप २० एमएम | शिवशक्ती हार्डवेयर | ९७५ मिटर | ३९।५५ | ३८५६१ |
| हाई स्प्रेयर | गौतम सप्लायर्स | ४ वटा | ४५० | १८०० |
| टंकी १००० लिटर | शिवशक्ती हार्डवेयर | २ | ४१६४ | ८३२८ |
| **जम्मा** | | | | **१०९९८९** |

| प्रमाण पेश नगरेको | १,०९,९८९ |
|---|---|

१०२ **बीउ पूँजि कोष** - ९-०८०।३।१७ गरिबसँग विशेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (तेस्रो संसोधन), २०६६ को बुँदा नं ११ मा महिला समूहले प्रस्ताव गरे अनुसार आय आर्जन कार्यक्रम संचलन गर्न बीउ पूँजि उपलब्ध गराउने उल्लेख गरेको छ। सोही व्यवस्था अनुसार लालीगुराँस विशेश्वर कार्यक्रम मूल समिति ४ नं. वडा ईवा अध्यक्ष लक्ष्मी खवास रहेको समितिलाई बीउ पूँजी कोष २५ जना सदस्यलाई प्रति सदस्य रु.२५ हजारका दरले रु.२ लाख ५० हजार वितरण गरेको छ। निर्देशिका अनुसार महिलाहरुले

बिउ पूँजिको रुपमा उपयोग गर्नुपर्ने व्यवस्था अनुसार अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धी अनुगमन प्रतिवेदन तथा बीउ पूँजिको रुपमा लगानी गरे नगरेको सम्बन्धमा प्रमाण कागजात पेश नभएकोले उक्त कार्यको अनुगमन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१०३ **प्रविधि हस्तान्तरण** - १९७-०८०।३।२३ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं ४० र ४१ मा उद्यमीलाई उद्योगको प्रकृति आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराइने र प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत भावी इन्जिनियरिङ्ग सोलुसन्स मोरङबाट सेराना मौरी घार खरिद गरी देहायका उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गरेकोमा उद्यमीले व्यहोर्नुपर्ने लागत सहभागितको अंश व्यहोरेको नपाइएकोले सम्बन्धित उद्यमीहरुबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.१७६००

| क्र सं | उद्यमीको नाम | प्रविधि हस्तान्तरणको सामान | थान | प्रविधि हस्तान्तरण सामानको रकम | प्रविधि हस्तान्तरणको २० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १ | खगेन्द्र कार्की वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| २ | रेन्जी शेर्पा वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| ३ | यामथान ढुँगाना वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| ४ | डोलनाथ निरौला वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| ५ | युवराज ढुँगेल वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| ६ | हरी कार्की | मौरी घरा | १ | ५५०० | ११०० |
| ७ | योगेन्द्र ढुँगाना वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| ८ | चन्द्र प्रसाद खनाल वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | रुपचन्द्र खनाल वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| १० | जीवन ढुँगाना वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| ११ | रोसन खनाल वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| १२ | प्रेम गिरी वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| १३ | इश्वर कार्की वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| १४ | कुलचन्द्र खनाल वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| १५ | राजेश पाहिम वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| १६ | मधुसुधन निरौला वडा नं २ | मौरी घरा | १ | ५५०० | ११०० |
| **जम्मा** | | | | | **१७६००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,६०० |

१०४ **निस्क्रिय खाता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बुंदा नं १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन आगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार बन्द गर्नुपर्ने प्रचलित कानून बमोजिम निकासा र खर्चको लेख अद्यावधिक बैंससँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने र भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा वितरण गर्ने बैंकहरुले त्रैमासिक रुपमा हिसाब मिलानग गरेको पाइएन। चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता बाँकी रकम नेविल बैंक लिमिटेडले २०८०।५।८ मा रु. ३२२३२ र कृषि विकास बैंकले २०८०।५।८ मा रु. १०४२६७ फिर्ता गरेको छ। कार्यविधिको पालना गरी समयमै बैंक हिवास मिलान गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

१०५ **रिभर्स फिड** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं १४ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा प्रणालीमा रहेको अनुसूची ७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसूची ८ बमोजिमको फर्वाड फिडको आधारमा गर्नुपर्ने उल्लेख छ। फरवार्ड फिड अनुसार लाभग्राहीको बैंकलाई खातामा रकम जम्मा गर्नको पालिकाले पठाउने र बैंकले लाभग्राहीहरुको खातामा रकम जम्मा गरेपछि रिभर्स फिड जेनेरेट हुने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण वडा नं. १,२,३,४,५ र ७ को लागि नेविल बैंक लिमिटेडसँग र वडा नं. ६ को लागि कृषि विकास बैंक लिमिटेडसँग सम्झौता गरी यो बर्ष रु ८,८२,७०,४९४।०० वितरण गरेको पाइयो। सामाजिक सुरक्षा भत्ता वितरण गर्न पालिकाले फर्वाड फिड तयार गरी बैंकलाई पठाएकोमा निकासा भौचर रकम बराबर हुनुपर्नेमा फरक परेको पाइयो।जसले गर्दा पालिकाले लाभग्राहीको विवरण अध्यावधिक गरी नपठाएकोले लाभग्राहीहरुको संख्या र रकम एकीन हुन सकेन। बैंकले लाभग्राहीहरुको खातामा रकम जम्मा गरी सिस्टममा पठाएको रिभर्स फिड भिडान गर्दा पालिकाले निकासा गरेको रकम र बैंकले लाभग्राहीलाई विवरण गरी तयार भएको रिभर्स फिडमा फरक परेको छ। दुबै बैंकको फरक परेको रकम एकीन गरी फिर्ता गर्न बाँकी रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.८७७१३८

| भौचर नं | बैंक | फरवार्ड | निकासा रकम | बैंक रिर्भस | बाँकी |
|---|---|---|---|---|---|
| २- ०७९।६।९ | नविल बैंक लिमिटेड | १८०१७६५३ | १८०४९२०० | १७७८२११८ | २६७०८२ |
| १- ०७९।६।९ | कृषि विकास बैंक लि | ३५२५६८० | ३६०४८६६ | ३४८२२३२ | १२२६३४ |
| ३- ०७९।१०।२० | नविल बैंक लिमिटेड | १८६२७८२४ | १८६२१७७९ | १८५५११७२ | ७०६०७ |
| ३- ०७९।१०।२० | कृषि विकास बैंक लि | ३६७३५६७ | ३६०६११९ | ३६०१६०७ | ४५१२ |
| ४- ०७९।१२।२९ | नविल बैंक लिमिटेड | १८४७०१२२ | १८४८१०३५ | १८१५३६५९ | ३२७३७६ |
| ४- ०७९।१२।२९ | कृषि विकास बैंक लिमिटड | ३७९२९३८ | ३७३१३७८ | ३६८५७८६ | ४५५९२ |
| ५- ०८०।३।२४ | नविल बैंक लिमिटेड | १८४६४०१९ | १८४६६७२६ | १८२७७६०७ | १८९११९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५- ०८०।३।२४ | कृषि विकास बैंक लिमिटेड | ३८२६९४३ | ३७०९३९१ | ३७२२६७६ | -१३२८५ |
| २०८०।४।२८ | नविल बैंक लिमिटेडले फिर्ता गरेको रकम | | | | ३२२३२ |
| २०८०।५।३ | कृषि विकास बैंक लि फिर्ता गरेको रकम | | | | १०४२६७ |
| फिर्ता गर्न बाँकी | नविल बैंक लिमिटेड | | | | ८२१९५२ |
| फिर्ता गर्न बाँकी | कृषि विकास बैंक लिमिटेड | | | | ५५१८६ |
| **जम्मा फिर्ता गर्न बाँकी** | | | | | **८७७१३८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,७७,१३८ |

१०६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका ७ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष ९० जनालाई औसत १०० दिनले ९००० दिन रोजगारी उपलव्ध गराई रु.५१,९३,००० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएको पाइएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। साथै पालिकाले प्रत्येक वडाको योजनामा रु. १ लाखको बराबरको लागत साझेदारी गरेको पाइयो। पालिकाबाट व्यहोरेको साझेरीको रकम सोलिङ कार्यको लागि आवश्यक पर्ने ढुँगा संकलन र ढुवानीमा खर्च गरेको नापीमा उल्लेख गरेको छ।

| कार्य र वडा नं | सशर्त | पालिकाको साझेदारी | पालिकाबाट ढुँगा संकलन र ढुवानी घमि | सोलिङ घमि | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| सोदन कृषि सडक सोलिङ<br>सिरीवानी लाकुरी चौतारा नाली निर्माण कार्य १ | ८०७८०० | १००००० | १६६.९५ | १३९.१३ | ९०७८०० |

| | | | | | |
|---|---|---|---|---|---|
| छोटी बजारहुँदै सोबुवा देउराली मोटरबाटो सोलिङ २ | ८०७८०० | १००००० | १३२.३ | ११०.२५ | ९०७८०० |
| रातमाटे रमितेहुँदै जिरो पोइन्ट जोड्ने पैदल मार्ग ३ | ६९२४०० | १००००० | २०१.५ | ३००० | ७९२४०० |
| विभिन्न सडक सोलिङ ४ | ६९२४०० | १००००० | १५७.५ | १३१.२५ | ७९२४०० |
| सुपारे चौतारा देखि पन्दसे डाँडासम्म गोरेटो सिडी निर्माण५ | ६९२४०० | १००००० | ७७ | १९०.०८ | ७९२४०० |
| विभिन्न सडक सोलिङ ६ | ८०७८०० | १००००० | १३२.३ | ११०.२५ | ९०७८०० |
| विभिन्न सडक सोलिङ ७ | ६९२४०० | १००००० | १०५ | १५७.५ | ७९२४०० |
| **जम्मा** | **५१९३०००** | **७०००००** | | | **५८९३०००** |

सैद्धान्तिक बेरुजु

१०७ **इन्धन खर्च** - कोशि प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाम १ ब्याक्होलोडर, १ एक्जाभेटर (सञ्चालनमा नल्याएको), एम्बुलेन्स १, मोटरसाइकल २०, स्कूटर १, जेनेरेटर २, पिकअप १, कार २ र दमकल १ रहेको छ। यस वर्ष इन्धन खर्चको मापदण्ड तयार नगरी इन्धनमा रु. ४५,१३,७५२ खर्च गरेको छ। वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख राखेको पाइएन। प्रत्येक सवारी साधन प्रयोगको लगबुक राखि सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखि ईन्धन खर्च र सवारीको प्रयोग बिश्लेषण गरेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन मापदण्ड तयार गरी सोही आधारमा उपलब्ध गराउनुपर्ने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०८ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी गर्दा पारित ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालयबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारित गरी तलब

भुक्तानी गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७९/८० तलबी प्रतिवेदन नै पारित नगरी आयुर्वेदतर्फका १ जनाको रु.६,५९,१४६ र स्वास्थ्य तर्फका १३ जनाको रु.९०,६७,०२९ तलब खर्च लेखेको पाइयो। तलबी प्रतिवेदन पारित नभएकोले वास्तविक तलब तथा ग्रेड रकमको खर्च एकिन गर्न सकिएन। तलबी प्रतिवेदन पारित गरेर मात्र तलव र ग्रेड खर्च लेख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१०९ **मसलन्द तथा कार्यालय सामाग्री** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं.३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा यस वर्ष रु.४८,९७,००० बजेट विनियोजन गरी रु.४४९३३०६ खर्च गरेको छ। पालिकालाई वर्षभरी आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी नियमको पालना गर्दै प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

११० **मर्मत खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष मर्मत खर्च शीर्षकमा शाखा, वडा कार्यालय र पालिका समेतको गरी रु.३०,९३,००० बजेट विनियोजन गरी रु.२९,०६,७०६ मर्मत खर्च गरेको छ। सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संभार तथा संरक्षण अभिलेख खाता व्यवस्थित राखेको पाइएन। नियमावलीमा भएको व्यवस्थाको पालना गर्ने र पटके प्रकारका खर्चलाई मितव्ययि वनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१११ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था ।गाउँपालिकाले यो वर्ष शाखा, वडा कार्यालय र पालिकाको वेग्ला वेग्लै विविध खर्च रु.३५,४२,१५० बजेट विनियोजन गरी खाना, खाजा लगायतका कार्यमा रु.३३,१४,०४४।-खर्च गरेको छ। उक्त खर्च के कुन कार्यक्रम सँग सम्बन्धित हो स्पष्ट खुलाउने गरेको छैन। खर्चको विलसाथ उक्त खर्च कार्यालय प्रयोजन पुष्टी हुने उपस्थिति

लगायतका प्रमाण संलग्न गर्नुपर्दछ । आन्तरिक आय न्युन भएको अवस्थामा यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११२ **राजस्व दाखिला -** घर भाडा भुक्तानी गर्दा १० प्रतिशत बहाल कर कट्टा गरी भुक्तानी गर्नपर्दछ। मिरमिरे लघुवित्त वित्तीय संस्थाले २०७९।३।२० को पत्रअनुसार घरबहाल कर रू. ३३०० पालिकाको आन्तरिक राजश्व खातामा दाखिला गरेको जानकारी पत्र दिएकोमा लेखापरीक्षणको क्रममा देखिएको तथा बैंक स्टेटमेन्टमा उक्त रकम दाखिला नभएको देखिएकोले दाखिला भए नभएको एकीन गरी प्रमाण कागजात पेशगर्नुपर्ने रु.३३००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३०० |

११३ **राजश्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। राजश्व आम्दानी र दाखिलाको विवरण परीक्षण गर्दा पालिका अन्तर्गत ७ वटा वडाबाट प्राप्त गरेको राजश्व रकम सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छः

• राजस्व संकलनका लागि पालिकाले सुशासन नामक सफ्टवेयर प्रयोग गरी राजस्व संकलन गरेकोमा वडा कार्यालय मार्फत राजस्व संकलन रकम देखिने तर पालिकाबाट संकलन भएको राजस्व रकम र विवरण नदेखाउने पाइयो। पालिकाबाट राजस्व संकलन भएको प्रमाण बैंक स्टेटमेन्टबाट देखिएको तर सुशासन सफ्टवेरमा नदेखिएको पाइएकोले पालिकाले सो सम्बन्धमा अध्ययन गरी राजस्व प्रणालीलाई व्यवस्थित बनाउनु पर्दछ।

• पालिकाको नविल वैंकमा रहेको आन्तरिक राजस्व खाताको वैंक स्टेटमेन्ट अनुसार पालिकाले विभिन्न परीक्षा संचालन गर्दा लिएको परीक्षा दस्तुर, घरवहाल कर, टेन्डर तथा ठेक्का दस्तुर,विभिन्न संस्थाहरुको नवीकरण दस्तुर तथा पालिकाले संकलन गर्नुपर्ने दस्तुरको विवरण खुल्ने गरी आम्दानी बाधेको पाइएन। पालिकाले एकमुष्ट रुपमा वैंक स्टेटमेन्टको रकमलाई आधारमानेर सुत्र प्रणालीको राजस्व शीर्षकमा आम्दानी बाधेको पाइयो ।

• शीर्षक खुल्ने गरी आम्दानी नबाधेकोले के कति शीर्षकमा राजस्व संकलनका लागि सफ्टवेयरको प्रयोग गर्ने पालिकाका कर्मचारीहरुबाट कति राजस्व संकलन भई कति दाखिला भएको एकिन हुन सकिएन।

• वडामा राजस्व संकलन गर्न प्रयोग भएको उक्त सुशासन सफ्टवेयरको प्रयोगकर्ताले सम्बन्धित वडाको जिम्मेवारीबाट अन्य वडामा खटिदा समेत साविकको वडामा निजको आइडी प्रयोग भएकोले निजहरुले आइडी अनुरुप राजस्व दाखिल गर्ने तथा वडागत रुपमा राजस्व दाखिला गर्ने दुविधा देखिनुका साथै अबैध पहुँच हुन सक्ने देखिन्छ।

• एम्बुलेन्स संचालन गर्दा एम्बुलेन्स सेवाबाट आम्दानी हुने रकमको व्यवस्थित लगत राखेको पाइएन। नगदी रसिद वेगार लगबुकका आधारमा लगवुकमै उल्लेख गरी राजस्व संकलन गरेको पाइएकोले सेवा शुल्क बुझाउनेलाई निस्सा दिएको पाइएन। साथै लगवुकका आधारमा सेवा शुल्क संकलन गर्दा राजस्व हिनामिना हुन सक्ने जोखिम देखिन्छ। सवारी चालक अरुण चोङवाङले लगवुकका आधारमा संकलन गरेको जम्मा सेवाशुल्क रु.६५००० मध्ये रु.५०८७५ राजस्व दाखिला गरेको र लेखापरीक्षणको क्रममा रु.२१२५ दाखिला गरेको र बाँकी रु.१२००० इन्धनमा खर्च गरेको विल पेश गरेकोले संकलित सेवा शुल्कको रकम इन्धनमा खर्च गर्न नमिल्ने भएकोले रु.१२००० राजस्व खातामा दाखिला गर्नुपर्ने देखियो । पालिकाले रसिद नियन्त्रण खाताको प्रयोग गरी नगदि रसिद मार्फत मात्र सेवाशुल्क संकलन गर्नुपर्ने संकलित राजस्व नियमावलीमा भएको व्यवस्था अनुसार समयमै दाखिला गर्नुपर्ने पर्दछ।

सैद्धान्तिक बेरुजु

११४ **भ्रमण खर्चतर्फ** - भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारी तथा पदाधिकारीले भ्रमण अभिलेख राखि आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यस्था तथा भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष शाखा, वडा कार्यालय र पालिकाको वेग्ला वेग्लै रुपमा भ्रमण खर्च रु.२१,३५,००० बजेट विनियोजन गरी रु.१५,७७,२७५ खर्च गरेको छ। भ्रमण खर्च लेख्दा भ्रमण अभिलेन व्यवस्थित नराखेको तथा अधिकांश भ्रमण खर्च गर्दा समावेश गरेको छैन। अतः नियमको पालना गरी भ्रमण अभिलेख अभिलेख व्यवस्थित राख्ने तथा भ्रमणको उदेश्य स्पष्ट खुलाएर प्रतिवेदन पेश गर्दै आन्तरिक नियन्त्रण प्रणाली कायम गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११५

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | पालिकलले झाक्रीगुफा खेलमैदान प्यारफिट निर्माण उपभोक्ता समितिलाई खेलमैदान निर्मण कार्यको लागि रु.१४,३५,१५८ भुक्तानी भएकोमा लेखापरीक्षणको क्रममा स्थलगत अनुगमन गर्दा निर्माण स्थलमा काम शूरुनै गरेको नदेखिएकोले निर्माणनै नगरी भुक्तानी सिफारीस गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई उक्त रकम व्याज समेत असुल गर्नुपर्ने बेरुजु औंल्याएकोमा प्रतिकृया साथ बेरुजु रकम दाखिला गरेको प्रमाण पेश भएको तर भुक्तानी गर्ने पदाधिकरीलाई जिम्मेवार बनाई उक्त रकमको व्याज असुल गर्नुपर्नेमा असुल गरेको पाइएन। | ०.०० |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: आठराई गाउँपालिका, तेह्रथुम , आठराई गाउँपालिका , तेह्रथुम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | निराज शर्मा | २०८०-४-२२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | शत्रुधन साह | २०७९-६-५ | २०८०-४-२१ |
| लेखा प्रमुख | सुजन थापा | २०७९-४-२५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९,६२३,१३३ | २६,२२६,२३० | २४,१६६,५८०.६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६०,०१५,९४३.६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,७५६,००० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५७,२५९,९४३.६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १३९४६६८७८.६१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५४१२६९२४४ | **चालु खर्च** | ४३८५५७३०६.५ |

| | | | |
|---|---|---|---|
| प्रदेश सरकारबाट अनुदान | २७२४७००० | पूँजीगत खर्च | १८८४८१४४३.७५ |
| राजश्व बाँडफाँट | ७५५६७७०२.३३ | वित्तीय/अन्य व्यवस्था | ५६४३६६१३.९६ |
| आन्तरिक आय | ३०५६४२६.०७ | | |
| अन्य आय | ५०८७०१८.८ | | |
| कुल आय | ६५२२२७३९१.२ | कुल खर्च | ६८३४७५३६४.२१ |
| बाँकी मौज्दात | | १०८२१८९०५.६ | |

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

# आठराई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

संक्रान्तिबजार, तेह्रथुम

अध्यक्ष - मो.नं. ९८५२६८४७३३
उपाध्यक्ष - मो.नं. ९८४२४८८२८२
प्रमुख प्रशासकीय अधिकृत - मो.नं. ९८५२०६०३२२

प.सं. - २०८०/०८१
चलानी नं. ३८८

(कोशी, प्रदेश नेपाल)
मिति - २०८०।०५।२९

## आ.व २०७९।०८० को एकीकृत आर्थिक विवरण

| सि. नं | आयतर्फ | | | सि. नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम रु. | रकम रु. | | विवरण | रकम रु. | रकम रु. |
| १ | **गत वर्षको जिम्मेवारी** | | १३९४६६८७८.६१ | १ | **चालु खर्च** | | ३४९८३१८१२.५० |
| | क) संचित कोष | १३४८६७७३०.२६ | | | **गाउँपालिका चालु खर्च** | ९४४३७०३४.४६ | |
| | ख) धरौटी खाता | १२६८५१८.०० | | | **शसर्त अनुदान चालु खर्च** | २५५३९४७७८.०४ | |
| | ग) विविध खर्च खाता/कोष | १८३८१९२.७५ | | २ | **पूँजिगत खर्च** | | १८८४८१४४३.७५ |
| | घ) कर्मचारी कल्याण कोष | ११०४१६७.६० | | | **गाउँपालिका पूँजीगत खर्च** | १२३४४४४८.७५ | |
| | ङ) प्रकोप व्यावस्थापन कोष | ३८८२७०.०० | | | **शसर्त पुँजिगत खर्च** | १६१०९४४१ | |
| | च) विविध कोष खाता | ४०७२०.०० | | | **संघीय समपुरक पुँजिगत खर्च** | २९६१४६३३ | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ७८६२४१२८.४० | | **प्रदेश पुँजिगत खर्च** | ९३१२९२१ | |
| | क) आन्तरिक राजस्व | ३०५६४२६.०७ | | | **प्रदेश समपुरक पुँजिगत खर्च** | १०००००० | |
| | ख) संघीय राजस्व बाँडफाँड | ६९८९८१४५.५३ | | ३ | **विभिन्न कोषतर्फको खर्च** | | ९११८८१३१.०० |
| | ग) प्रदेश सवारी साधन कर | ५३१९५५६.८० | | | क) विविध खर्च खाता/कोष | ०.०० | |
| | घ) स्थानीय राजश्व ...... | ३५००००.०० | | | ख) प्रकोप व्यावस्थापन कोष | १३६०७२०.०० | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ४५२५४३७५०.०० | | ग) धरौटी फिर्ता | ६४६९१७.०० | |
| | क) वित्तिय समानीकरण अनुदान | १००२७००००.०० | | | घ) कर्मचारी कल्याण कोष | ६११५८५.०० | |
| | ख) सशर्त अनुदान | ३२०२७३७५०.०० | | | ङ) सामाजिक सुरक्षा | ८८२७०४९४.०० | |
| | ग) समपूरक अनुदान | ३२००००००.०० | | | च) गरिबसँग विश्वेश्वर | ४५५०००.०० | |
| | घ) विशेष अनुदान | ०.०० | | ४ | **अनुदान फिर्ता** | | ५३९७३९७६.९६ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २७२४७०००.०० | | क) संघीय सरकार तर्फ फिर्ता | ५११६३८९७.९६ | |
| | क) वित्तिय समानीकरण अनुदान | ५१२४०००.०० | | | ख) प्रदेश सरकार तर्फ फिर्ता | २८१००७९.०० | |
| | ख) सशर्त अनुदान | १२१२३०००.०० | | ५ | **मौज्दात** | | १०८२१८९०५.६० |
| | ग) समपुरक अनुदान | १००००००० .०० | | | क) सञ्चित कोष खाता | ९७७४९२२५.०४ | |
| | घ) विशेष अनुदान | ०.०० | | | ख) चालु खर्च खाता | ०.०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ८८७२५४९४.०० | | ग) पुजिगत खर्च खाता | ०.०० | |
| | क सामाजिक सुरक्षा | ८८२७०४९४.०० | | | घ) बाँडफाँड बाट प्राप्त राजश्व | ३३९५१३०.४१ | |
| | ख) गरिव संग विश्वेश्वर | ४५५०००.०० | | | ङ) धरौटी खाता | ४२०१४४८.०० | |
| ६ | **विभिन्न कोपतर्फको आय** | | ५०८७०१८.८० | | च) प्रकोप व्यावस्थापन कोष | ७१५५०.०० | |
| | क) कर्मचारी कल्याण कोष | १६०१०८.८० | | | छ) विविध खर्च खाता | २१४१२५५.७५ | |
| | ख) प्रकोप व्यवस्थापन कोष | १०४४०००.०० | | | ज) कर्मचारी कल्याण कोष | ६५२६९१.४० | |
| | ग) विविध खर्च खाता | ३०३०६३.०० | | | झ) विविध कोष खाता | ४०७२०.०० | |
| | घ) धरौटी आय | ३५७९८४७.०० | | | | | |
| | | **जम्मा** | **७९१६९४२६९.८१** | | | **जम्मा** | **७९१६९४२६९.८१** |

नोट - शसर्त चालु कट्टी दाखिला भौचर नं २१२ जेनेरेट भएको तर दाखिला नभएको रकम रु. १४८९८०।- र रु. ३३९८.९६ बैक मौज्दात बढी

म.ले.प.फा.नं. २७२

# आठराई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, तेह्रथुम
कार्यालयको कोड : ८०१०५०१३००

### वित्तीय प्रतिवेदन

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ६०,२०,३६,५६३.३५ | ५०,८७,५४,१४८.४४ | | ५०,८७,५४,१४८.४४ | ५७,४६,०९,८१३.४७ | | ५७,४६,०९,८१३.४७ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५९,७३,१८,१५०.०० | ५०,४४,४९,९०१.४४ | ०.०० | ५०,४४,४९,९०१.४४ | ५७,२६,६३,३०१.४७ | ०.०० | ५७,२६,६३,३०१.४७ |
| ११००० कर | ११ | ९,५१,५३,१५०.०० | ७,६५,८३,७५६.५४ | ०.०० | ७,६५,८३,७५६.५४ | ७,१७,५५,४८४.०८ | ०.०० | ७,१७,५५,४८४.०८ |
| १३००० अनुदान | | ४९,७०,५६,०००.०० | ४२,५८,२५,७७३.०४ | ०.०० | ४२,५८,२५,७७३.०४ | ४९,८०,२६,०००.०० | ०.०० | ४९,८०,२६,०००.०० |
| संघीय सरकार | १२ | ४६,९०,७७,०००.०० | ४०,१३,८८,८५२.०४ | ०.०० | ४०,१३,८८,८५२.०४ | ४६,५९,६५,०००.०० | ०.०० | ४६,५९,६५,०००.०० |
| प्रदेश सरकार | १२ | २,७९,७९,०००.०० | २,४४,३६,९२१.०० | ०.०० | २,४४,३६,९२१.०० | ३,२०,६१,०००.०० | ०.०० | ३,२०,६१,०००.०० |
| १४००० अन्य राजस्व | | ४६,०९,०००.०० | २०,००,५४०.८६ | ०.०० | २०,००,५४०.८६ | २५,७३,६९९.३९ | ०.०० | २५,७३,६९९.३९ |
| १५००० विविध प्राप्ति | | ५,००,०००.०० | ३९,८३१.०० | ०.०० | ३९,८३१.०० | ३,०८,११८.०० | ०.०० | ३,०८,११८.०० |
| ३३००० दायित्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | ४७,१८,४१३.३५ | ४३,०४,२४७.०० | | ४३,०४,२४७.०० | १९,४६,५१२.०० | | १९,४६,५१२.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ६,८३,६८०.०० | ०.०० | ६,८३,६८०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | ४७,१८,४१३.३५ | ४०,७२०.०० | ०.०० | ४०,७२०.०० | ८,८८,०००.०० | ०.०० | ८,८८,०००.०० |
| धरौटी | | ०.०० | ३५,७९,८४७.०० | ०.०० | ३५,७९,८४७.०० | १०,५८,५१२.०० | ०.०० | १०,५८,५१२.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ७३,६९,०४,२९३.६१ | ५४,०९,३२,४७८.२५ | | ५४,०९,३२,४७८.२५ | ५६,६२,३९,३२७.९४ | | ५६,६२,३९,३२७.९४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७३,२१,८५,८८०.२६ | ५३,८३,१३,२५६.२५ | | ५३,८३,१३,२५६.२५ | ५६,१५,२२,३५१.९४ | | ५६,१५,२२,३५१.९४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २९,२९,४८,०००.०० | २३,८१,९३,१८७.२० | ०.०० | २३,८१,९३,१८७.२० | २१,१०,९८,४८७.५६ | ०.०० | २१,१०,९८,४८७.५६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७,०३,००,२१५.०० | १०,५९,४६,४४४.९७ | ०.०० | १०,५९,४६,४४४.९७ | १०,१२,५०,०३०.६० | ०.०० | १०,१२,५०,०३०.६० |

### बेरूजु दफा १७ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क.सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट) |
|---|---|---|---|---|---|---|
| गत वर्षको | | | | | | |
| १ | ढुंगा गिटी बालुवाको IEE | इन्भारोमेन्ट एण्ड इन्जिनियरिङ रिसर्च सेन्टर प्रा.लि. | १०,००,०००।- | ९,४५,८१०।- | २९,५४,७९७.६३ | कार्यान्वयन भएको । |
| २ | बरबोटे (मध्य पहाडी राजमार्ग) ईवा देउडी बजार सडक डि पि आर | ब्रिक कन्सल्ट प्रा.लि. | ७,००,०००।- | ५,३४,४९०।- | ३३,९०,९४,७८४.१६ | कार्यान्वयन भएको । |
| ३ | लाम्चे आहाल IEE | डिजाइन पोइन्ट प्रा.लि. | ५,००,०००।- | ४,९७,२००।- | ४,६६,८८,५७०.१३ | कार्यान्वयन नभएको |
| जम्मा रकम | | | २२,००,०००।- | १९,७७,५००।- | ३८,८७,३८,१५१.९२ | |
| यो बर्षको | | | | | | |
| १ | झाँक्री गुफा पर्यटन प्रवर्द्धन डिपीआर तयार | मारुती डिजाइनर्स प्रा.लि. | १९,००,०००।- | १८,९२,७५०।- | ९,७७,७२,६३०.०८ | कार्यान्वयन भएको |
| २ | गाउँपालिका भवन निर्माण डिपिआर तयार | ब्रिक कन्सल्ट प्रा.लि. | १५,००,०००।- | १४,९४,९९०।- | १३,०२,०६,२०४.१६ | कार्यान्वयन भएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | संक्रान्ति थोक्लुङ्ग सिमरा घाट सडक डिपिआर तयार | प्रयास इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १८,००,०००।- | १४,८९,२४२।- | १,२७,४१,८२,६१०.५५ | कार्यान्वयन नभएको । |
| ४ | संक्रान्ति मौलाडाँडा ठुटेबर तमोर नदी सडक डिपिआर | जलजला इन्जिनियरिङ कन्सल्टेन प्रा.लि. | १८,००,०००।- | ६,९३,८२०।- | १,१०,१२,८५,४२२.६५ | कार्यान्वयन नभएको । |
| ५ | खाम्लालुङ्ग स्वास्थ्य चौकी डिपिआर | आर.क्युव.नेपाल कन्स्ट्रक्सन एण्ड कन्सल्ट्यान्ट प्रा.लि. | ७,००,०००।- | ४,९५,०५३।- | ४,०३,०८,९९४.४४ | कार्यान्वयन नभएको । |
| **जम्मा रकम** | | | **८३,००,०००।-** | **६०,६५,८५५।-** | **२,६४,३७,५५,८६१.८८** | |

**बेरूजु दफा ४६ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| **योजनाको विवरण** | **उपभोक्ता समिति** | **सम्झौता रकम** | **सम्पन्न रकम** | **भुक्तानी रकम** | **निर्माण व्यवसायी** | **विल रकम** |
|---|---|---|---|---|---|---|
| सुपारे चौतारा भञ्याङ्ग हुदै सरस्वती आवी मोटरवाटो निर्माण | सुपारे चौतारा भञ्याङ्ग हुदै सरस्वती आवी मोटरवाटो निर्माण उपभोक्ता समिति | ९२, ९५ , ३३७ | ९२, ३८ , ११३ | ८३, ०४ , ७७७ | नाम्लाक निर्माण सेवा विन ५ | ८५, ३९ , १२७ |
| ठुटेवर विर्जौरे तमोरनदी मोटरवाटो स्तरोन्नती | ठुटेवर विर्जौरे तमोरनदी मोटरवाटो स्तरोन्नती उपभोक्ता समिति (आंशिक भुक्तानी) | ९३, ३८ , ३८६ | ८७५८९७० | ५८, ५० , ००० | नाम्लाक निर्माण सेवा विन ६ | ४६, ८० , ५७३ |
| **जम्मा** | | **१, ८६ , ३३ , ७२३** | **१, ७९ , ९७ , ०८३** | **१, ४१ , ५४ , ७७७** | | **१, ३२ , १९ , ७००** |

**बेरूजु दफा ६४ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | निर्माण व्यवसायि | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २२० २०८०।३।२४ | वोगटी चोक हुँदै ३ नं वडा कार्यालय जाने वाटो निर्माण | २३२८०००।०० | एक्जाभेटर | नाम्लाक निर्माण सेवा | १४२२३०७.७५ |
| ५६ २०८०।३।२४ | सुपारे चौतारा भञ्याङ्ग हुदै सरस्वती आवी मोटरवाटो स्तरोन्नती | ८३०४७७७।०० | एक्जाभेटर | नाम्लाक निर्माण सेवा | ८५३९१२७.५० |
| ६१ २०८०।३।२४ | ठुटेवार विजौरे तमोरनदी स्तरोन्नती | ५८५०००(आंशिक भुक्तानी) | एक्जाभेटर | नाम्लाक निर्माण सेवा | ४६८०५७३ |
| १८४-०८०/३/२१ | तिखेपानी सरस्वती मा वि सडक उपभोक्ता समिति ३ | १२८०४७ | एक्साभेटर | शुभ लक्ष्मी निर्माण सेवा प्रा लि | १२८०४७ |
| १९२-०८०/३/२२ | मौलाडाँडा खेलमैदान विस्तार उपभोक्ता समिति ३ | ७३४९० | एक्साभेटर | शुभ लक्ष्मी निर्माण सेवा प्रा लि | ७३४९० |